# "मुसहर (सदाय) जातिको सामाजिक–आर्थिक स्थिति र शिक्षामा पहुँच"

(सिराहा जिल्लाको चन्द्रलालपुर गा.वि.स. वडा नं.६ को मुसहर जातिको एक अध्ययन)

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको आशिंक आवश्यकतापूरा गर्नका लागि समाजशास्त्र केन्द्रिय विभागमा प्रस्तुत

**शोधपत्र**


<u>शोधकर्ता</u>

अशोक कुमार महतो

रजिष्ट्रेशन नं. ६–२–२२५–१६५–२००६

समाजशास्त्र केन्द्रिय विभाग

त्रिभुवन  विश्वविद्यालय

किर्तिपुर, काठमाण्डौं


२०७२

त्रिभुवन विश्वविद्यालय

समाजशास्त्रकेन्द्रिय विभाग

विश्वविद्यालय क्याम्पस

कीर्तिपुर, काठमाडौं

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालयद्वारा निर्धारित पाठ्यक्रम अनुसार स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्नको निमित्त मेरो निर्देशनमा असोक कुमार महतोले **"मुसहर (सदाय) जातिको सामाजिक–आर्थिक स्थिति र शिक्षामा पहुचः सिराहा जिल्लाको चन्द्रलालपुर गा.वि.स. वडा नं.६ को मुसहर जातिको एक अध्ययन"** शीर्षकको शोधपत्र अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

मितिः २०७२/ /

...............................

**उप–प्रा. डा. टिकाराम गौतम**

(शोध निर्देशक)

समाजशास्त्रकेन्द्रिय विभाग

**त्रिभुवन विश्वविद्यालय**

**समाजशास्त्रकेन्द्रिय विभाग**

**विश्वविद्यालय क्याम्पस**

**कीर्तिपुर, काठमाडौं**

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहका निम्ती असोक कुमार महतोले तयार पारिएको शोधपत्र **"मुसहर** (सदाय) **जातिको सामाजिक–आर्थिक स्थिति र शिक्षामा पहुचः सिराहा जिल्लाको चन्द्रलालपुर गा.वि.स. वडा नं.६ को मुसहर जातिको एक अध्ययन"** स्नातकोत्तर उपाधिका लागि उपयुक्त ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

**<u>शोधपत्र मूल्याङ्कन समिति</u>**

विभागीय प्रमुख ..............................

बाह्य निरीक्षक .............................

डा. टिकाराम गौतम

शोध निर्देशक .............................

मिति :

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले स्नाकोत्तर तहको दसौं पत्रको प्रयोजनका लागि आदरणीय गुरु **उप–प्रा. डा. टिकाराम गौतम**को निर्देशनमा तयार पारेको हुँ । यो शोधपत्र तयार गर्ने सन्दर्भमा आई परेका विभिन्न समस्या र अड्चनहरूसँग जुध्ने प्रेरणा दिदै सही पथप्रदर्शन गराएर अघि बढ्न उत्प्रेरित गरी आफ्ना कतिपय व्यवहारिक कार्यहरूलाई पन्छाएर कुशल र समुचित दिग्दर्शन गराउनु भएकोमा उहाँप्रति म हार्दिक कृतज्ञता एवं श्रद्धा व्यक्त गर्दछु ।

शोधपत्र तयार गर्ने कार्यमा आफ्ना विविध कार्य व्यस्ततालाई पर्वाह नगरी आफ्नो अमुल्य समय निकाली निर्देशन, सुझाव तथा सल्लाह दिई उत्प्रेरित गर्नुहुने विभागीय प्रमुख एवम् सम्पुर्ण गुरुवर्ग तथा प्रस्तुत विषयमा शोधकार्य गर्ने अवसर जुटाउने समाजशास्त्र केन्द्रीय विभागप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र तयार पार्दा आवश्यक सामग्री उपलब्ध जिल्ला विकास समिति, सिरहा र सम्बन्धित विद्यालयका गुरुवर्गहरू, अभिभावकप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

यसरी नै आर्थिक र व्यवहारिक समस्या सँग संघर्ष गर्दै आफ्नो अमूल्य श्रम र पसिना खर्चिएर मेरो अध्ययनलाई यस अवस्थामा ल्याई पुर्‍याउने मेरा मातापिताप्रति चिर ऋणी छु ।

अन्त्यमा म यस शोधपत्रको मूल्याङ्कनका लागि त्रि.वि. समाजशास्त्र केन्द्रीय विभाग कीर्तिपुरसमक्ष पेस गर्दछु ।

मितिः २०७२/

..........................

(असोक कुमार महतो)

समाजशास्त्र केन्द्रिय विभाग

# विषयसूची


| | पृष्ठ सङ्ख्या |
|---|---|
| सिफारिस पत्र | i |
| स्वीकृति पत्र | ii |
| कृतज्ञता ज्ञापन | iii |
| विषयसूची | iv |
| तालिका सूची | v |
| संक्षिप्त रूप सूची | vii |
| **अध्याय एकः परिचय** | |
| १.१ अध्ययनको पृष्ठभुमी | १ |
| १.२ शिक्षाको महत्व | ५ |
| १.३ समस्याको कथन | ६ |
| १.४ अध्ययनको उद्देश्य | ७ |
| १.५ अध्ययनको महत्व | ७ |
| १.६ अध्ययनको सिमा | ८ |
| **अध्याय दुईः सन्दर्भ साहित्यको पुनरावलोकन** | **९–१७** |
| २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन | ९ |
| २.२ तुलनात्मक अध्ययन | ११ |
| २.३ प्रयोगात्मक साहित्यको अध्ययन | १४ |
| **अध्याय तीन अनुसन्धान बिधी** | **१८–२१** |
| ३.१ अध्ययन क्षेत्रको छनौटको | १८ |
| ३.२ अनुसन्धान ढाँचा | १८ |
| ३.३ तथ्याङ्कको स्रोत | १९ |
| ३.४ तथ्याङ्कको प्रकृति | १९ |
| ३.५ नमूना छनौटवधी | २० |
| ३.६ तथ्याङ्क सकलन विधी | २० |
| ३.७ तथ्याङ्कको प्रस्तुतीकरण र व्यख्या | २० |

३.८अध्ययनका सीमा २१

**अध्याय चारमुसहर जातिको सामाजिक आर्थिक अवस्था र शैक्षिक स्थिति २२–५२**

४.१ सिरहामा बसोबास गर्ने जनसांख्यिक अवस्था २२

४.२ आर्थिक अवस्था २७

४.३ सामाजिक तथा सांस्कृतिक अवस्था ३५

४.४ मुसहरको संस्कृति ३६

४.५ शैक्षिक अवस्था ३८

**अध्याय पाँच–सारांश र निष्कर्ष ५३–५६**

५.१.अध्ययनको सारांश ५३

५.२निष्कर्ष ५५

**सन्दर्भग्रन्थसूची ५७**

अनुसुचीहरु ५९

# तालिका सूची


**पृष्ठ सङ्ख्या**

तालिका नं. १: नमुना धरघुरी र जनसख्या २२

तालिका नं. २: सिरहाको जनसङ्ख्या विवरण २३

तालिका नं. ३: चन्द्रलालपुर गा.वि.स.को जातिगत जनसङ्ख्या २४

तालिका न. ४ पिछडीएको जातीको साक्षरता दरको प्रतिशत २५

तालिका नं. ५: चन्द्रलालपुर गा.वि.स.मा मुसहर जातिको वडागत जनसङ्ख्या विवरण २६

तालिका नं. ६: मुसहर जातिको पेशागत विवरण २९

तालिका नं. ७: आर्थिक विवरण ३१

तालिका नं. ८: जग्गाको आधारमा आम्दानी विवरण ३३

तालिका नं. ९: मुसहर जातिको धार्मिक विवरण ३६

तालिका नं. १०: मुसहर जातिको शैक्षिक अवस्थामा धर्म तथा संस्कृतिले पारेको प्रभाव ३७

तालिका नं. ११: मुसहर जातिको पारिवारिक विवरण ३९

तालिका नं. १२: मुसहर जातीको पारिवारिक शैक्षिक विवरण ४०

तालिका नं. १३: मुसहर जातिको शैक्षिक अवस्था ४१

तालिका नं. १४: मुसहर जातिको उमेरगत विवरण ४२

तालिका नं. १५: मुसहर जातिको शिक्षामा लगानी ४३

तलिका नं. १६: गा.वि.स मा सञ्चालित सरकारी तथा निजी विद्यालय संख्या ४४

तालिका नं. १७: विद्यार्थी संख्याको तुलनात्मक विवरण ४५

तालिका नं. १८: तुलनात्मक शिक्षक विवरण ४६

तालिका नं. १९: विद्यार्थीको तहगत तुलनात्मक शैक्षिक नतिजा विवरण ४८

तालिका न. २० परिक्षामा सम्मिलित विधार्थी सख्या ४८

तालिका न. २१परिक्षामाउर्तीण अन्य जातका बालबालिकाहरु ४९

तालिका न २२ मुसहरको वर्तमान शैक्षिक अवस्था ५२

## सङ्क्षिप्त रूप सूची

| | |
|---|---|
| एस.एल.सी. | स्कुल लिभिङ्ग सर्टिफिकेट |
| इ.वो.इ. | इङ्गलिस वोर्डिङ स्कुल |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| गा.वि.स. | गाउँ विकास समिति |
| जि.वि.यो. | जिल्ला विकास योजना |
| जि.वि.स. | जिल्ला विकास समिति |
| जि.शि.का. | जिल्ला शिक्षा कार्यालय |
| के.त.वि | केन्द्रिय तथ्याङ्क विभाग |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| म./पु. | महिला/पुरुष |
| मा.वि. | माध्यमिक विद्यालय |
| रा.ज.ग. | राष्ट्रिय जनगणना |
| त्रि.वि.वि. | त्रिभुवन विश्वविद्यालय |

# अध्याय : एक

# परिचय

परिच्छेद एकमा अध्ययनको भूमिका, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, अध्ययनका सीमाहरू जस्ता खाकाको बारेमा स्पष्ट पार्ने प्रयास गरिएको छ । केन्द्रिय तथ्याङ विभागको एउटा सर्वेक्षण अनुसार नेपालमा मुसहरको जनसख्या करिब २,३४००० रहेको अनुमान गरिन्छ ।

## १.१ अध्ययनको पृष्ठभूमि

नेपालमा गरिएको जोसुवा प्रोजेक्ट (२०१५) को सर्वेक्षण अनुसार नेपालमा मुसहरको कुल जनसख्या २,३४००० रहेको पाइन्छ । मुसहर समुदायमा प्राय गरेर हिन्दु धर्म मान्ने गरेको पाइन्छ । कुल जनसंख्याको करिब ९० प्रतिशत मुसहरहरु हिन्दु धर्म प्रति आस्था राख्ने देखिन्छ । राष्टिय जनगणना (२०६८) अनुसार सिरहा जिल्लामा मुसहरको जनसंख्या ३९,९,२९ जना अर्थात जिल्लाको कुल जनसख्याको १६.५० प्रतिशत जनसंख्या मुसहरको जनसंख्याले ओगटेको पाइन्छ । नेपाल विभिन्न जातजाति, भाषा, धर्म र संस्कृतिको सङ्गमस्थल हो । यही विविधताकै कारण यो देश विश्वमा चिनिएको छ । यो कुरा हामी सबै नेपालीका लागि गौरवको विषय हो । सांस्कृतिक, धार्मिक, जातीय विविधता हुँदाहुँदै पनि जातीय सहिष्णुता नेपालको एक विशेषता हो । मेचीदेखि महाकाली, हिमालदेखि तराईसम्म फैलिएको हाम्रो समाजमा धरातलीय तथा वातावरणीय अवस्था अनुसार फरक फरक जाति जनजातिहरू बसोबास गर्दछन् । यिनीहरूका आ-आफ्नै मौलिक कला, संस्कृति, परम्परा, रीतिरिवाज, चालचलन, मूल्यमान्यताहरू रहेका छन् । यिनीहरूकै समीकरण तथा समन्वयबाट एकिकृत नेपाली समाजको निर्माण भएको हो (किसान, २०६२) ।

नेपालको पूर्व मेचीदेखि पश्चिम तराई तथा भित्री मधेश क्षेत्रमा वसोवास गर्ने मुसहरहरूको उत्तपत्ति र मूलस्थानका बारेमा इतिहासकार तथा मानवशास्त्रीहरूबीच मत भिन्नता रहेको पाईन्छ । मुसहर जातिको उत्पत्तिको सम्बन्धमा व्याख्या तथा विश्लेषण गर्नको लागि 'मुसहर' शब्दको नामकरण तथा उत्पत्ति कसरी भएको हो भन्ने बारेमा विभिन्न किसिमको तर्क रहेको छ (थापा, २०३४) ।

मुसहर जातिको आगमन र पुर्खौली वसोवास तथा परम्पराका विषयमा अहिले सम्म कुनै खास यकिन प्रमाणिक आधारहरु प्राप्त नभए पनि यिनीहरु नेपालका आदिवाशीका रुपमा तराई तथा भित्री मधेशलाई मुल थलो बनाएका वसोवास गर्ने मानिसहरु हुन् । मुसहरहरुको मुल थलो वा वसोवास क्षेत्र तराई क्षेत्र नै हो । यसरी तराई तथा भित्री मधेशलाई मूलथलो बनाएका मुसहर जातिको आगमन तथा बसोबास क्षेत्रका बारेमा विभिन्न विद्वान्ले विभिन्न विचार दिएका छन् (दवाडी, २०५१) ।

नेपालमा मुसहर जातिको जनसंङ्ख्या सरकारी जनगणना अनुसार करिब २.५ लाख रहेको अनुमान गरिएको छ। यति ठूलो हिस्सा ओगटेको जातिलाई राष्ट्र विकासको मूल प्रवाहमा जुटाउनका लागि सबै नेपालीले प्रयत्न गर्नु आजको आवश्यकता हो । आफ्नै मौलिक परम्परा रीतिरिवाज, भाषा, संस्कृति भएका नेपालका आदिवासी मुसहरहरू गरिबी,बेरोजगारी, अशिक्षा, रोग, गास, बास र कपासको समस्याले दिन प्रतिदिन अद्योगतितर्फ धकेलिँदै गइरहेका छन् । त्यसमध्ये पनि मुसहर महिलाहरूमा यस्ता समस्याहरू झन् टड्कारो रूपमा देखिन्छ । मुसहर जातिका बालबालिकाहरू अझै पनि शिक्षाको पहुँचदेखि टाढा रहेको पाइन्छ (के.त.वि., २०६८) ।

नेपालमा रहेका मुसहर जाति प्राचीन कालदेखि नै बसोवास गर्दै आईरहेको तथ्यलाई हामीहरूले निश्चित रूपले मान्नुपर्दछ । मुसहर जातिहरूको उत्पत्तिको बारेमा विद्वान्हरूको मतमा एकरुपता रहेको छैन् । कतिले मुसहरलाई आर्यमूलका मानेका छन् , भने कतिले यसलाई खस मूलका मानेका छन् । उपर्युक्त कथन तथा स्रोतसामग्रीको अध्ययन, विश्लेषण र मुसहर समाजको हरेक सांस्कृतिक तथा सामाजिक व्यवहारको गहन अध्ययन तथा विश्लेषण गर्दा के निष्कर्षमा पुग्न सकिन्छ भने मुसहरहरू आदिबासी हुन् । समग्रमा भन्नुपर्दा मुसहर जाति नेपालको तराई तथा भित्री मधेश क्षेत्रको प्राचीन मूल आदिवासी जाति हो । गौरवमय ऐतिहासिक महत्व बोकेको मुसहरहरू नेपालको विभिन्न क्षेत्रमा विभिन्न समयमा स - साना राज्यका राजाहरू पनि थिए (किसान, २०६२) ।

मुसहरहरू नितान्त सोझा, सरल र निश्छल हुन्छन् । अर्काको ईर्ष्या नगर्ने मिलनसार र परिश्रमी बानीले गर्दा एउटै संयुक्त परिवारमा बसेका हुन्छन् । हजारौं वर्षदेखि जति सक्यो अरू जातिका मानिससित बेग्लिएर बस्ने गरेका बानीले यी अपरिचित अरु जाति सङ्ग अति दब्छन् । तर कसैले आड दिएर यस जातिका मान्छेलाई मच्याइदियो भने पछिको नसोची

ज्यादै उनीहरू ज्यादै उग्र पनि बन्छन् ।यिनीहरूमा जेष्ठ प्रतिको आस्था गहिरो रहेको हुन्छ । परिवारमा जेठो व्यक्ति नै सर्वेसर्वा हुन्छ, । जेष्ठले नै घरको सबै सदस्यको कार्य विभाजन गर्दछ । परिवारमा जेष्ठको स्थान उच्च हुन्छ । गाउँको परम्परागत बैठक, खेलमा भाग लिने तथा गाउँघर, छरछिमेक र गा.वि.स.वा अड्डाखानासँग सम्पर्क लेखापढी आदिको काम जेष्ठले नै गर्दछन् । घरको देवीदेवतालाई निश्चित समयमा पूजापाठ गर्ने काम जेष्ठले नै गर्दछ । घरको लागि आवश्यक खाद्यान्न, कपडाको व्यवस्था गर्ने जिम्मा पनि उसको हुन्छ । ठूलो परिवार भए तापनि केही सदस्यहरू मजदुरी, नोकरी आदि गर्ने भएकाले उनीहरूले आफ्नो समस्या आफैँ समाधान गर्ने गर्दछन् । यसरी एउटाको अगुवाइमा वा निर्देशनमा चल्ने संस्कार बसेका हुन्छन् । अव्यवस्था र कचकच कत्ति पनि सहन नसक्ने र विशेष गरी एक्लो बस्न नसक्ने स्वभावले नै मुसहरलाई वेग्ल्याएर अहिलेसम्म पुरानै अवस्थामा राखेको छ । भूतप्रेत भनिनेसित यी ज्यादै डराउँछन् । कुनै मानिस बिरामी परेमा पहिले धामीलाई डाकी कुन भूत लागेको छ भनी बिश्वास गर्छन । व्यथाको वेग कम भएपछि आफै स्वस्थ हुने प्राणी-शरीरको स्वभाव भएकोले मानसिक असर परेर केहीलाई सन्चो पनि भइहाल्छ । सन्चो नभई धेरै समयसम्म व्यथा लम्बियो भने औषधोपचारतिर लाग्छन् । घाउ, खटिरा, भाँचिए-थिचिएको उपचार गर्न यी ज्यादै पोख्त हुन्छन् । मुसहर जाति नेपालको मूलवासी र तराई तथा भित्री मधेसका धरतीपुत्र हुन् । यिनीहरूको मुख्य पेशा खेती हो (पाण्डे, २०६३) ।

यिनीहरूको आफ्ना घरमा आउने अतिथीहरूको सत्कार गर्ने परम्परा पनि अत्यन्तै राम्रो छ । आफ्नो घरमा भएका खानेकुराले स्वागत गर्ने गर्दछन् । यसवाहेक चाडवाड, रमाईलो, विवाह, भोज भतेर खुसीयालीमा जाँड रक्सि चुरोट, तमाखु आदि सेवन गर्ने पनि गर्दछन् । यिनीहरुले कसैको धनसम्पत्ति आदिमा लोभलालच गरेको पाईदैन । रिस राग, ईर्ष्याको भावना ज्यादै कम मात्रमा पाइन्छ (विष्ट, २०३५) ।

नेपालमा बसोबास गर्ने मुसहर जाति खास गरी तराई र भित्री तराईका धर्ती पुत्र र नेपालका आदिवासी जनजाति हुन् । बिशेष गरेर नेपालको पूर्व तराई तथा भित्री मधेशका समतल फाँटहरूमा प्राचीनकालदेखि मुसहर जाति बसोबास गर्दै आएका छन् । मुसहर जातिको विशेषता सोझोपन र इमान्दारीता हो । मेहनती सोझोपन र इमान्दारीता मुसहर जातिको निधि हो । मुसहरहरू आफ्नै बलमा विश्वास गर्ने तथा मेहनत गरी जीवन गुजारा

गर्ने गर्दछन् । तराई तथा भित्री मधेशका हरिया फाँटहरूमा प्राचीनकालदेखि अन्न उत्पादन गरेर देशको आर्थिक मेरुदण्डमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन् (विष्ट, २०६८) ।

सिङ्गो मानव समुदायको जीवन यापन गर्ने मुख्य आधार नै शिक्षा हो । शिक्षा राष्ट्रको मेरूदण्ड भएकाले शिक्षाविनाको समाज, परिवार, समुदाय राष्ट्रको दिगो विकास र निर्माणको कार्य सम्पन्न हुन सक्दैन । विकास निर्माण/जीवनयापन गर्ने र व्यक्तिगत विकास नै शिक्षाको उद्देश्य रचनात्मक कार्य ठान्दछौं । शिक्षाले एउटा आदर्श व्यक्ति, समाज र राष्ट्रभित्र सबैलाई परिचित गराउने वस्तुको निर्माण गर्दछ । परापूर्वकालदेखि नै मानिसहरूले गुरूकुल शिक्षा, आश्रम, आदिमा गएर शिक्षा आर्जन गर्दथे । त्यति बेला विद्यालय थिएन । विद्यालयको सट्टा घरमा हजुर बा, आमाबाबुबाट संस्कृत भाषामा शिक्षा लिने चलन थियो । त्यसैले शिक्षालाई क्रमशः गुरूकुल हुँदै आधुनिक कालसम्म आईपुग्दा गुरूलाई भविष्य निर्माणका रचनाकार मानिन्छ (विश्वकर्मा, २०६८) ।

पियानेका भनाईमा शैक्षिक प्रक्रियालाई समाजशास्त्रका तथ्याङ्क र सिद्धान्तका आधारमा पुनः मूल्याङ्कन गरिनु पर्दछ । शैक्षिक समाज शास्त्रको अध्ययनबाट मात्र शिक्षाले मानव व्यक्तित्व र व्यवहारको विकासको लक्ष्य पूरा गर्न सक्दछ । सामाजिक वातावरण र व्यक्ति बीचको अन्तर्क्रियाबाट मात्र व्यक्तित्वको विकास हुन सक्दछ । शिक्षा प्रणालीको स्थापनामा सामाजिक सम्बन्धलाई प्रमुख स्थान दिनुपर्दछ । यस्ता विचारहरूको प्रतिपादन गरी शैक्षिक समाजशास्त्रको विकासमा महत्वपूर्ण योगदान गरेकाले नै उनलाई शैक्षिक समाजशास्त्रको पिता मान्दछ (Payne-1928) .

शिक्षाको अवधारणा, ज्ञान र सीपसँग सम्बन्धित कुरा हो, जसले व्यक्तिको दुवै कुरालाई अगाडी बढाउन जोड दिएको हुन्छ । ज्ञानको बृहत् परिभाषा अनुसार यसले धारणा र सीपको कुरालाई मौलिक रूपले ग्रहण गर्दछ । जसले मानिसलाई आफू को हो र संसारमा बस्न योग्य तुल्याउँछ । शिक्षाले मानिसलाई तुलना गर्नु, संवाद गर्नु, विश्लेषण गर्नु, मानिसको प्रवृत्तिलाई पहिचान गर्न योग्य बनाउँछ । शिक्षाले व्यक्तिको वर्तमान, भूत र भविष्यसँगको सम्बन्ध स्थापित गर्दछ भने यसले निजी र सार्वजनिक तथा व्यक्ति र संसारसँगको सम्बन्ध स्थापित गर्नमा सघाउ पुऱ्याउँछ । शिक्षाले व्यक्तिलाई पुनः सिक्न, पुनः पहुँच, पुनः काम गर्न र आफू र संसारलाई परिवर्तन गर्नमा टेवा पुऱ्याउँछ (Mills, 1957)।

शिक्षाले व्यक्तिको व्यक्तित्व अभिवृद्धि गर्नमा एकदम महत्वपूर्ण भूमिका निर्वाह गर्नुको साथै यसले व्यक्तिलाई विभिन्न स्रोत र अवसरको मौकामा पहुँच पुऱ्याउनमा सहयोग गर्दछ । यसले व्यक्तिलाई जिम्मेवारीका साथ काम गर्नमा जोड दिन्छ । यसले व्यक्तिको व्यक्तिगत क्षमतामा अभिवृद्धि गर्दछ । त्यसैले मानिस शिक्षित भइसकेपछि तुरून्तै विभिन्न स्रोत र अवसरहरूको मौका प्राप्त गर्दछ (दवाडी, २०५१)।

## १.२ शिक्षाको महत्व

**मार्क्स र एङ्गेल्स** (१९८०) का अनुसार " शिक्षाले मानिसको चौतर्फी विकास गर्न सहयोग गर्दछ । शिक्षाको आधारभुत ज्ञानले मानिसलाई मानवता सिकाउदछ । त्यसैले शिक्षाले व्यक्तिलाई व्यबहारिक ज्ञान प्रदान गर्दछ " ।

**मोरे थोमसको** (२०१०) परिभाषा अनुसार " स्कुलमा सिकिएका कुराहरु नै हाम्रो सम्पत्तिहुन । शिक्षाले नै व्यक्तिको दर्शनको निर्माण गर्दछ " ।

**गिदोन एन्थोनीका** (२००७) अनुसार " शिक्षाले नै व्यक्तिको परिधीको निर्माण गर्न सहयोग गर्दछ । व्यक्तिको लागी शिक्षा नै उसको अन्य कुराहरुसंगको सम्बन्ध निर्माण गर्दछ " ।

**जे.एस.मिलका** (१९५९) अनुसार " व्यक्तिको स्वतन्त्रताको परिभाषालाई निर्धारण गर्ने प्रमुख तत्व भनेको शिक्षालाई लिन सकिन्छ । व्यक्तिको शिक्षाको स्तरले नै उसको दासत्वको स्तरलाई निर्धारण गर्दछ " ।

**एन.एच.डी.आरका परिभाषा** (१९९८) अनुसार " बालकको सर्वाङगीण विकासको आधार भनेको शिक्षालाई लिन सकिन्छ । सार्वजनिक क्षेत्रमा व्यक्तिको प्रभाव पार्ने काम भनेको शिक्षालाई लिने गरिन्छ " ।

अध्ययनको सिमा भित्र शिक्षाको महत्वलाई हेर्दा शिक्षाको खासै महत्व नभएको देखिन्छ । शिक्षाको महत्व खास गरी समाजमा उज्यालो ज्योती छर्नको लागी मानिन्छ । शिक्षाले समाजको चेतनाको स्तरलाई माथी उचाल्दछ ।

### १.२.१शिक्षाको प्रकार

नेपालको सन्दर्भमा शिक्षाको कुरा गर्दा नेपालको शिक्षा परम्परालाई हेर्दा गुरूकुल शिक्षा प्रणाली र बौद्ध शिक्षा लिच्छविकालीन शिक्षा, मल्लकालीन शिक्षालाई प्राचीन कालको शिक्षाको रूपमा लिन सकिन्छ भने राणा कालको सुरुदेखि अन्त्यसम्मलाई शिक्षाको युगको नामले चिनिन्छ । यसरी नेपालको शिक्षा विकास कर्मतर्फ वि.सं.२००७ सालसम्मको शिक्षा र २००७ सालपछिको शिक्षाको विकास क्रमलाई हेर्दा २००७ साल पछि शिक्षाले ठूलो फड्को मारिसकेको छ । वि.सं.२००७ सालसम्म नेपालको साक्षरता २ प्रतिशत मात्र रहेको थियो (राष्ट्रिय शिक्षा आयोग, २०१०) ।

अहिले करिब ५ दशकको अन्तरालमा साक्षरता प्रतिशत ६५.९ पुग्नाले पनि यसको पुष्टि गर्दछ (केन्द्रीय तथ्याङ्क विभाग, २०६८) । नेपालको तराई क्षेत्रमा विभिन्न जिल्लाहरूमा मुसहरहरूको बसोबास रहेको पाइन्छ । ती जिल्लाहरू यस अनुसारको रहेको छ । सिरहा, सप्तरी, धनुषा, उदयपुर, सर्लाही, सुनसरी, रौतहट र मोरङ जिल्लामा बसोबास गर्दै आएका छन् (विष्ट, २०५५) । तर वर्तमान अवस्थामा यिनीहरूको सामाजिक, आर्थिक, धार्मिक, राजनीतिक, आदि पक्षमा परिवर्तन हुँदै आएको देखिन्छ ।

पराजुली (२०७०) का अनुसार औपचारिक, अनौपचारिक, अनियमित, साधारण, विशिष्ट, प्रत्यक्ष र अप्रत्यक्ष गरी शिक्षालाई विभाजन गरे पनि खासगरी शिक्षालाई निम्न लिखित भागमा विभाजन गर्न सकिन्छ, यी यस प्रकार छन ।

क) औपचारिक शिक्षा,

ख) अनौपचारिक शिक्षा, र

ग) अनियमित शिक्षा

समाजको संरचना र बनोटलाई शिक्षाको स्तरले निर्धारण गर्ने भएकोले गर्दा यस अनुसन्धानमा शिक्षाको महत्वलाई औल्याउने कोशिस गरेको छु ।

### १.३ समस्याको कथन

समाज विकासको लागी शिक्षालाई प्रमुख तत्व मानिन्छ । शिक्षाको कारणले नै समाजमा कुन कुरा राम्रो र कुन कुरा नराम्रो भन्ने छुट्याउन सक्दछन । समाज विकासको प्रमुख

आधारको रुपमा शिक्षालाई लिइन्छ । शिक्षा कुनै व्यक्तिको चौतर्फी विकासको लागी आवश्यक पर्ने कुरा हो । शिक्षाको कुरा गर्दा मुसहर जातिहरूमा के-कस्ता अवस्था रहेका छन् ?शिक्षा प्राप्त गर्दा र नगर्दामा त्यहाँ के-कस्ता परिवर्तन र विकास अर्थात् पहिलोको अवस्था र हालको अवस्थामा के-कस्ता परिवर्तनहरू आइरहेका छन् ? भन्ने जस्ता कुराको विश्लेषण गर्दे, यो अध्ययन निम्न कुरामा केन्द्रित रहको छ ,

१. मुसहरहरूको वर्तमान शैक्षिक स्थिति कस्तो छ ?
२. मुसहरको शैक्षिक पहुँचमा असर गर्ने कारक तत्वहरू वा कारणहरू के के हुन्?
३. मुसहर जातिको शिक्षामा भएको पहुँचको लैङ्गिक अवस्था के छ ?

## १.४ अध्ययनको उद्देश्य

कुनै पनि कार्यक्रम सञ्चालन गर्नुभन्दा अगाडी उद्देश्य तर्जुमा गर्नुपर्ने हुन्छ । उद्देश्यले कुनै पनि अध्ययनलाई एउटा निश्चित दिशामा लग्ने हुनाले अध्ययनलाई प्रभावकारी बनाउने उद्देश्यको आवश्यकता पर्दछ । यस अध्ययनको निम्न उद्देश्यहरू छन् :

१. अध्ययन क्षेत्रका मुसहर जातिको शिक्षामा तहगत पहुँचको स्थितिको अध्ययन गर्ने ।
२. मुसहर जातिको शिक्षामा पहुँच पुग्न बाधा पुऱ्याउने विभिन्न कारक तत्वहरूको खोजी गर्ने ।
३. मुसहर जातिको लिङगका आधारमा शिक्षामा पहुँचको विश्लेषण गर्ने ।

## १.५ अध्ययनको महत्व

शिक्षा समाजको ज्योती हो । शिक्षाले मानिसको अर्न्तनिहित प्रतिभालाई प्रस्फुटन गराउदछ । शिक्षा समाजको ऐना हो । समाजको स्तर निर्धारण गर्ने तत्व भनेको शिक्षा हो । सवै जातजातिलाई विकासको मूलधारमा समाहित गर्न ज्ञान, सीप, जाँगर र दक्षता भएका व्यक्तिहरूको आवश्यकता पर्दछ । सचेत नागरिकबाट आफ्नो जिम्मेवारी बहन हुने हुँदा हरेक नागरिकलाई शिक्षाको माध्यमबाट सचेत गराउनु आजको पहिलो आवश्यकता हो अशिक्षित तथा पछौटेपनमा रहेका जातजातिलाई शिक्षाको माध्यमबाट सचेत र जागरुक बनाई राष्ट्रको विकासमा थप टेवा पुऱ्याउनु आजको पहिलो आवश्यकता हो । नेपाली संस्कृतिको इतिहासमा महत्वपूर्ण स्थान ओगटेको मुसहर जातिको विषयमा सामान्य अध्ययन

अनुसन्धान भएको देखिए तापनि यस क्षेत्रका मुसहर जातिको सामाजिक, आर्थिक र संस्कृतिको बारेमा राम्रो अध्ययन अनुसन्धान आजसम्म हुन सकेको छैन ।

हाम्रो समाज विविध जातीय सामाजिक संरचना युक्त छ । बहुलवाद यसको विशेषता हो । बहुलवादभित्र अनेकतामा एकता पनि भेटिन्छ । जातीय विसङ्गति र यसले सृजना गरेको असमानता आधुनिक सभ्य समाजका लागि चुनौती बनेको छ । त्यसैले जातीय विसङ्गति एक अमानवीय समस्या पनि हो । यिनै विषयको सेरोफेरोमा केन्द्रित रही यस अध्ययनलाई अगाडी बढाइएको छ ।

## १.६ अध्ययनको सीमा

आफ्नो कार्य क्षेत्र चन्द्रलालपुर गा.वि.स.को वडा नं. ६ लाई मात्र सीमित मात्रामा खास गरी मुसहरको सामाजिक,आर्थिक स्थिती र  शैक्षिक अवस्था हेर्ने कोसिस गरिएको छ । त्यसैले यस अध्ययनबाट नेपालभरिका मुसहरहरूको शैक्षिक प्रतिनिधित्व गर्न सक्दैन । यस अध्ययनले केवल यसै क्षेत्रका मुसहरहरूको मात्र प्रतिनिधित्व गर्ने हुनाले कुनै अर्को स्थानमा बसोबास गर्ने मसुहरहरूको शैक्षिक अवस्था नमिल्न सक्दछ र यसको निष्कर्ष अन्य स्थानका सामान्यीकरण नहुन सक्दछ ।

# अध्याय : दुई

## सन्दर्भ साहित्यको पुनरावलोकन

प्रस्तुत अध्याय दुईमा मुसहरको सैद्धान्तिक साहित्यको पुनरावलोकन र प्रयोगात्मक साहित्यको पुनरावलोकन गर्ने प्रयास गरिएको छ ।

कुनै पनि अनुशन्धान कार्यको लागी साहित्यहरुको अध्ययन गर्नु आवश्यक मानिन्छ । साहित्यको पुनरावलोकन विना अनुशन्धान कार्य अपुरो मानिन्छ । त्यसैले यो अध्ययन पुरा गर्न निम्न साहित्यको पुनरावलोकन गरिएको छ ।

### २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन

शैक्षिक समस्या, आर्थिक र सांस्कृतिक पक्षसँग सम्बन्धित हुने भएकाले यी जातिहरूको यिनै पक्षहरूमा सामान्य खोज गरिएको छ । तराईका विभिन्न जातजातिमध्ये आदिवासी जातिको रूपमा परिचित यस जातिका बारेमा विभिन्न अध्ययन अनुसन्धान भएको पाइए तापनि शैक्षिक दृष्टिकोणले मुसहर बालबालिकाहरूको अनुसन्धानात्मक कार्य भने न्यून मात्रामा भएको  पाईन्छ (विष्ट, २०३५) ।

तराईका जिल्लाहरूमा प्रायः विभिन्न जातजातिको दलितहरू शिक्षाबाट वञ्चित छन् । शिक्षाको वास्तविक अर्थ नबुझी उनीहरूको आर्थिक अवस्थाको कारण शिक्षाबाट पछि परेको अनुमान गर्न सकिन्छ । वास्तवमा वर्तमान समयमा समुदायका धेरै जातजाति तथा वर्गहरू मध्ये सम्पूर्ण समुदायमा कम मात्रामा शिक्षा आर्जन गरेको भेटिन्छ । चेतनाको विकास क्रमिक रूपले भएको कारणबाट गाउँ, टोल, समुदायमा विभिन्न गैरसरकारी सङ्घ, संस्था मार्फत प्रौढ शिक्षाको माध्यमबाट गाउँघरका केही महिला तथा पुरूषहरू विहान नभए बेलुकी केही पढ्न लेख्न सक्षम भएको देखिन्छ । जसले गर्दा उनीहरूले आफ्नो जीवनस्तर माथि उकास्ने कार्यमा सहयोग पाएका छन् । विभिन्न सङ्घ संस्थाले उनीहरूको गरिबीपन हटाउन सहकारी संस्थाका ऋण उपलब्ध गराएकोले उनीहरूले पाएका ऋण कति, बुझाउनु पर्ने ब्याज र चिठी आदि पढ्न लेख्न जानेको कुरा तथ्याङ्कबाट थाहा पाइन्छ (दुलाल, २०६८) ।

दुसाध, चमार, कामी, दमाई, धोबी र मुसहर आदि शिक्षा तथा खेलकुद मन्त्रालयको शैक्षिक योजना कार्यान्वयनका लागि विभिन्न रणनीति लिएको पाइन्छ । लैङ्गिक समानताको हिसाबले आधारभूत प्राथमिक शिक्षा सबैका लागि उपलब्ध गराउने : कमजोरहरूको लागि समान रूपमा शैक्षिक अवसर प्रदान गर्न गुणात्मक शिक्षाको विकासमा विशेष जोड दिन, पूर्व प्राथमिक कक्षाहरूको सञ्चालन, स्थानीय निकाय र समुदायबाट गरिने, राष्ट्रिय भाषाहरूमा शिक्षा प्रदान गर्ने आवश्यक कदमहरू चालिने, स्थानीय निकाय, अभिभावक र समुदायमा व्यवस्थापनको विकेन्द्रीकरणलाई प्राथमिकता दिने भौतिक तथा आर्थिक सुविधामा विस्तार भने सबै गा.वि.स. र न.पा.लाई आफ्नो क्षेत्रमा विद्यालयको स्थापना र सञ्चालनको जिम्मा दिने रणनीति लिएको छ (उच्चस्तरीय शिक्षाको प्रतिवेदन २०५३) ।

विभिन्न जातजातिमध्ये सानो हिस्सा ओगटेको मुसहर जाति एक हो । सबै जातजातिको सहभागिता वेगर राष्ट्रको प्रगति सम्भव छैन । तसर्थ विभिन्न जातजातिहरूको शैक्षिक अध्ययन विना नेपाली संस्कृतिको अध्ययन पूर्ण हुन सक्दैन । यसै तथ्यलाई दृष्टिगत गरी प्रस्तुत अध्ययनमा सांस्कृतिक दृष्टिले धनी र मौलिक पहिचान भएका मुसहर जातिलाई चयन गरिएको छ । नेपालको प्राचीन र आदिवासी तथा आफ्नै जातिगत विशेषताले सम्पन्न जाति भएको हुँदा यिनीहरूको अध्ययन हुनु अत्यन्त आवश्यक देखिन्छ । हुन त मुसहर जातिको अध्ययन अनुसन्धान नभएको होइन तापनि स्थानविशेष अनुसार यिनीहरूको शैक्षिक स्तरमा विविध अन्तर पाइन्छ । यस क्रममा यस चन्द्रलालपुर गा.वि.स.मा मुसहरहरूको समस्या धेरै रहेको र यहाँका मुसहर जातिको बारेमा आजसम्म कोहि कसैले अध्ययन अनुसन्धान गर्न कलम नउठाएकोले यो एउटा समस्याको रूपमा रहेको छ । स्थानीय मुसहर जातिसँग जातिगत धर्म, संस्कृति, अवस्था, सामाजिक अवस्थाको जानकारी लिन खोज्दा उनीहरूले आफ्ना कमजोरी बताउन नचाहनु तथा यससम्बन्धी लेख रचना तथा कृतिहरू प्रकाशित नहुनुले पनि अध्ययन अनुसन्धान गर्न झन बढी आवश्यक महशुस गरियो । यस अध्ययनमा थोरै मात्र भए पनि यहाँका थारु जातिको आर्थिक, सामाजिक र सांस्कृतिक पक्षलाई प्रष्ट पार्ने प्रयास गरिएको छ । मुसहर जातिको आर्थिक, सामाजिक र सांस्कृतिक तत्वकै कारण आज मुसहर बालबालिकाहरू शिक्षाको उज्यालो घामबाट वञ्चित छन् (बराल, २०५०) ।

## २.२ तुलनात्मक अध्ययन

नेपालको वर्तमान जनगणना अनुसार जम्मा १२५ जातजातिहरूको बास स्थान रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग, २०६८) । जसमा मधेशी दलितहरूमा मुसहर जातिको सांस्कृतिक, आर्थिक, सामाजिक, शैक्षिक र राजनीतिक हैसियत कमजोर छन् । यस्ता समुदायका लागि सरकारी तथा गैरसरकारी संस्थाहरूबाट शिक्षामा पहुँच बढाउनको लागि लगानी गरिए तापनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । मुसहर जातिमा पनि पहिलेभन्दा आजभोलि शिक्षाको पहुँच केही न्यून रहे तापनि वर्तमान समयमा यसको महत्व भएकाले यिनीहरूको व्यवहारमा पनि परिवर्तन आएको देखिन्छ (नेपाल बुद्धिजिबी परिषद् (२०६८) ।

मुसहर समुदायका महिलाहरू कडा परिश्रमी कामप्रति लगनशील, मितव्ययी, विश्वासी, शालीन र सहयोगी भावनाका धनी हुन्छन् । खासगरी शिक्षा र चेतनाको क्षेत्रमा अन्य समुदायका महिलाभन्दा मुसहर महिलाहरू पछाडि परेका छन् । यो समुदायका महिलाहरू समाज, राष्ट्र र जनताका लागि निर्वाह गर्नुपर्ने भूमिकाबाट वञ्चित छन् । बर्षौंदेखि चल्दै आएको महिलामाथिको उत्पीडन, शोषण र दमन अहिलेसम्म कायमै छ । धर्म, संस्कृतिक, परम्परा र कानुनले समेत महिलाहरूमाथि अन्याय गरेको छ । शिक्षा स्वास्थ्य, रोजगारी र आर्थिक क्षेत्रमा मुसहर समुदायका महिलाहरूको अवस्था अत्यन्त दयनीय छ (दवाडी, २०५१) ।

के.त.वि (२०६८) को राष्ट्रिय जनगणना अनुसार नेपालमा पुरुषको दाँजोमा महिलाको संख्या बढी रहेको पाइएको छ (के.त.वि., २०६८) । यही अवस्था मुसहर समुदायमा पनि रहेको छ । मुसहर समाजमा रहेको रुढीवादी र अन्धविश्वासका कारण यस समुदायका महिलाहरू शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रहरूबाट धेरै पछाडि परेको छन् । गतिशील समाजमा प्रत्येक कुराहरू समय र परिस्थिति अनुसार दिनप्रतिदिन परिवर्तन भइरहेका हुन्छन् । शिक्षाको क्षेत्रमा पनि यो प्रक्रिया लागू भएको कुरा हामीले पाएका छौँ । शिक्षाको क्षेत्रमा विभन्नि समयमा विभिन्न विद्वान्हरू शिक्षाशास्त्री र समाजशास्त्रीहरूले राखेका फरक फरक विचारहरूलाई प्रस्तुत गरिएको छ (श्रेष्ठ,२०५९) ।

विलियम कुक्सका (१८७०) अनुसार मुसहरहरू गंगा यमुनादेखि हिमालयको काखसम्म जग्गा आवाद गरी गुजारा गरे । मुसहरहरू संभाव्यताका अग्रदूत हुन् ।

पौड्यालका (२०४७) अनुसार "नेपाली संसकृतिको इतिहासमा महत्वपूर्ण स्थान ओगटेका मुसहर जाति अत्यन्त मेहनती इमान्दार र सरल छन् । सिर्जनशीलता नै मुसहर जातिको पहिचान हो " ।

विष्ट (१९६८) अनुसार मुसहर जातिको सामाजिक अवस्था प्रारम्भिक खालको थियो । सामान्यतः महिलाले एउटा सेतो धोवीले पुरै शरीर ढाक्ने र पुरुषले धोतीले मात्र लगाई नाङ्गै शरीर लिई जङ्गली तथा कृषि कार्य गरेको र जङ्गली कन्दमूल एवम् कृषि उपजलाई आर्थिक आधार मानेका थिए , भनी चर्चा गरिएको पाइन्छ" ।

विश्वमा वर्ग विभेद नभएको देश कहीँ कतै पनि अपवादको रूपमा पाइँदैन । विश्वमा विभिन्न देशहरूमा विभिन्न तवरले विभेद भइरहेको पाइन्छ । पश्चिमी मुलुकमा काला गोरा बीचको विभेद, पूर्वी मुलुकमा जातपात र छुवाछुतको विभेद रहने हामी देख्न सक्छौं । विश्वमा अन्य विकसित तथा विकासोन्मुख देशहरूमा तल्लो जाति माथिल्लो जाति बीचमा असमानता रहिरहेको छ । हरेक देशमा अथवा क्षेत्रका निमुखाहरूलाई ठूलाहरूले हेपिएको नै पाइन्छ । विकसित देशका गोराले कालालाई भेदभावपूर्ण व्यवहार गरेको पाइन्छ । हाम्रो जस्तो विकासोन्मुख देशका विभिन्न क्षेत्रमा उपल्लो जातिले तल्लो जातिमाथि आर्थिक, सामाजिक, राजनीतिक तथा कानुनी स्थिति माथि तल्लो जातिले विकास गर्न पहल गर्दैन । तबसम्म देशमा विकास र उन्नति हुन सक्दैन भन्ने कुरा बुझ्री सक्दा पनि तल्लो जातिको विकासका लागि कुनै नीति तथा कार्यक्रम ल्याउन कार्यान्वयन प्रभावकारी ढङ्गले भए गरेको पाइँदैन । समाज द्रूत गतिले परिवर्तन भइरहेको छ(किसान, २०५८) ।

समाजमा कुनै पनि जाति वा समुदायको विकास वा पछौटेपनको अवस्थाको आधार शिक्षा नै हो । शिक्षाविना समाज अँध्यारोमा हुन्छ । नेपालमा मुसहर वर्गको शिक्षाको अवसरबाट वञ्चित भए । त्यस मध्ये मुख्य रूपमा शिक्षाको अवसरबाट वञ्चित हुनुले समाजमा जकडिनु परेको ऐतिहासिक तत्वलाई केलाउँदा देखिन्छ, बुझिन्छ र मनन गर्न सकिन्छ । मनुवादीहरूले मुसहर वर्गहरूले शिक्षा अध्ययन नगर्न जाल कसरी रचे ? शास्त्र पढेमा जिब्रो

काट्ने र सुनेमा फिर रोप्ने, यो थियो हिन्दु शास्त्रको शिक्षा । पौराणिक शिक्षामा शास्त्रको अध्ययन गर्न मूल रूपमा थियो । जिब्रो काट्ने र फिरै रोप्ने हिन्दु शास्त्रमा त्यसको विकल्प आएन । माटो र आधार खोलिएन । समाजमा मानिसका कण-कणमा यसको द्वन्द्व परिरह्यो । जसले गर्दा मुसहर समुदाय आर्थिक रूपले विपन्न सामाीजक रूपले भेदभावपूर्ण अवस्थामा रहँदै आए । देशको नीति निर्माण गर्ने ठाउँमा मुसहरको पहुँच भएन, इतिहास लेख्ने भएनन् । शिक्षाका पछाडी परेका कारणले चेतना वृद्धि हुन सकेन (विश्वकर्मा, २०५६) ।

नेपालमा सबैका लागि शिक्षा सुलभ हुन नसकेका कारण न्यून साक्षरता रहेको र शिक्षामा हुने सरकारी लगानीको प्रतिफल सबै वर्गमा समान ढङ्गबाट पुग्न नसकेको कुरा उल्लेख छ । साथै शैक्षिक विकेन्द्रीकरणको प्रमुख उद्देश्य सेवाग्राहीको पहुँचमा वृद्धि गराउनु हो । विद्यालय नगएका लक्षित समूह जसभित्र मुसहर र जनजातिका बालबालिकाहरू समेत पर्दछन् । तिनहिरूमा न्यायोचित र यथेष्ट शैक्षिक सेवा पुऱ्याउनु शैक्षिक विकेन्द्रीकरणको उद्देश्य हो, भन्ने विचार उल्लेख गरेका छन् (खनाल, २०६३) ।

शिक्षा एक वृद्धि र विकासको प्रक्रिया हो । शिक्षा, चिन्तन, कार्य र जीवनको एक गतिशील प्रक्रिया हो । शिक्षा सामाजिक, संवेगात्मक, शारीरिक र बौद्धिक वृद्धि र विकास प्राप्तिको एक प्रक्रिया हो । शिक्षा ज्ञान, सीप, प्रवृत्ति, व्यवहार र विचारको संगठित रुप हो । शिक्षा मानवीय जीवनक भरमा प्राप्त हुने गरेको अनुभवहरु एक समिष्ट रुप हो । शिक्षा जीवन पर्यन्त चलिरहने एक गातिशील प्रक्रिया हो । शिक्षा मानव मस्तिष्कको उपज हो । सर्वाङ्गीण विकासको एक मात्रा सशक्त माध्यम हो ।

समाजशास्त्रीय शिक्षाले शैक्षिक, उत्पत्ति, प्रकृति र संरचना बुझ्नको लागि समाज, सामाजिक विकास, समाजशास्त्रीय विकास र शिक्षाको विकासलाई हामीले अधययन गर्न आवश्यक हुन्छ । शैक्षिक समाजशास्त्रलाई बढी लोकप्रिय बनाउनमा अमेरिका शिक्षा शास्त्री Jhone deweको योगदान विशेष उल्लेखनीय छ । उनले आफनो पुस्तककमा शिक्षा र समाज बीचको सम्बन्धको बारेमा यसरी प्रकाश पारेका छन् । उनका अनुसार प्राचीन साधारण जीन ग्रामीण समुदाय साधारण जीवन, ग्रामीण र सामाजिक संरचनाहरुमा परिवर्तन हुँदै गइरहेको छ । परम्परागत मान्यतामा आधारित शिक्षण तथा धार्मिक संस्थाहरु बालबालिकालाई ढाँचा वातावरण र परिवर्तनप्रति सचेत

गराउन असमर्थन भइरहेका छन् । जोन डिबे सिकागोमा प्रयोगात्मक स्कुलको स्थापना गरे। यस स्कुलको मुख्य लक्ष्य बालबालिकाहरुमा आपसी सहयोग र सामाजिकताको भावना जागृत गराउनु/गर्नु रहेको थियो । डिबेका अनुसार विद्यालय सानो समाज हो । जसले बृहत समाजको प्रतिनिधित्व गर्दै त्यसलाई सुधार गर्न सक्नुपर्दछ (विश्वकर्मा, २०६८) ।

**२.३ प्रयोगात्मक साहित्यको अध्ययन**

मुसहर जातिको जन्म, मुसहरपनमा छुवाछुतको प्रवेश, आदि कुरालाई ऐतिहासिक रूपमा व्याख्या गर्दै मुसहरले भोग्नु परको समस्याको व्याख्या गर्नु भएको छ । उहाँको यो लेख पढ्दा ज्यादै नै मार्मिक र अमानवीय व्यवहारका कारण मुसहरको कारूणिक अवस्थाको प्रत्यक्ष अनुभूति गरेको हुन्छ(दुलाल, २०६७) ।

मिश्रले (२०६७) विश्वभक्त दुलालको लेख हिन्दु समाजमा दलित मुक्तिको प्रश्नलाई आधार बनाई “दलित समस्या राजनीति र अर्थतन्त्र” शीर्षकको लेखमा मुसहरहरूको स्थितिमा हालको राजनीतिक परिवर्तनले कस्ता परिवर्तनहरू भए भन्ने कुरालाई केलाउँदै मुसहरहरूको जीवनमा पनि पुँजीवादले प्रवेश गरेको कुरा व्याख्या गर्नु भएको छ ।

विष्ट (२०६४) “सबै जातको फूलबारी” मा नेपाल अधिराज्य भित्र बसोबास गर्ने विभिन्न जातजातिहरूको बारेमा उल्लेख गर्दै नेपाल सबै जातजातिको साझा फूलबारी हो भन्नु भएको छ ।

यसरी आफ्नो पुस्तकमा विष्टले प्रायः सबै जातजातिलाई समेटेर लेखे पनि ती जातिहरूको कुनै गहन अध्ययन गरेर यी पुस्तक लेखेको पाइँदैन । नेपालको विभिन्न ठाउँमा बसोबास गर्ने मुसहर जातिका बारेमा पनि अध्ययन अनुसन्धान गरी थोरै थोरै लेख रचनाहरू लेखेको पाइन्छ (विष्ट, २०५५) । “सबै जातको फूलबारी” सातौं संस्करण, साझा प्रकाशन अनुसार मुसहर समुदाय भनेको नेपालमा कृषि मजदुरी गरी जिविका गर्ने जाति हुन् । यो समुदाय माटो काट्ने काममा निपुण छन् भनी चिनाउनु


भएको छ । "मुसहर जातिको सामाजिक तथा आर्थिक पक्षको अध्ययन" गर्ने क्रममा यस समुदायको लागि कृषि, मजदुरी, हली, गोठालो सिवाय अन्य विकल्प नभएको उल्लेख गर्नु भएको छ (दुवाडी, २०५१) ।

गौतम(१९६७)ले "नेपालमा मुसहर जातिको सामाजिक परम्परा एक अध्ययन"मा गरेको अध्ययन गरेको अनुसार मुसहरहरुको उत्पती भारतको विहार र उत्तर प्रदेशबाट नेपालको घना जङ्गल फडानी गरी बसोबास गर्न थालेको कुरा बनाएका छन् । उनका अनुसार अन्य तराईबासीहरू बसाइँसराई गरी आउने क्रममा अन्य जातिहरू मुसहर पनि झण्डै चार सय वर्ष अगाडी प्रवेश गरेका छन् ।

मुसहर संरक्षण अभियान मञ्च (२०७०) काठमाडौं लगायतका सङ्घ संस्थाहरूले पनि मुसहर तथा महिलाहरूको शिक्षामा पहुँचबारे  काम र सर्वेक्षण गर्दै आएको छ । उनीहरूले गरेको कामको सन्दर्भमा सिङ्गो शिक्षामा गरेको कामको सन्दर्भमा सिङ्गो शिक्षामा उनीहरूको कुरा आए पनि सरकारी तथा गैरसरकारी निकायहरूले विद्यालयमा आर्थिक र सामाजिक रूपमा विभिन्न पोषण पत्र जारी गरी विद्यालयमा शिक्षा लिन सहयोग पुऱ्याएको छैन । केवल भाषण र बोलीबाट मात्र शिक्षाप्रति जागरूक तुल्याएका छन् । दलितहरूको घरदैलोमा गई उनीहरूको शिक्षा प्रतीकको झुकावबारे अनुसन्धान, मूल्याङ्कन गरेको  पाइएको छैन । यसो हुनुको मुख्य कारण नै सरकारी निकायमा रहेका शिक्षाविद्, शिक्षक तथा प्राध्यापकहरू दोषी रहेको छ । वास्तवमा मुसहर तथा महिलाहरूको पहुँच शिक्षामा अझै पनि देशमा तराई क्षेत्र र पहाडी क्षेत्रमा कायमै छ । शिक्षामा नयाँ-नयाँ परिवर्तनहरू गरे पनि देशैभरि पुगेका छैन (मुसहर जनकल्याण युवा क्लब लहान सिरहा, २०७०) ।

**सैद्धान्तिक खाका**

समाज गतिशील छ । आजको सत्य भोलिको भ्रुठो र आजको भ्रुठो भोलिको सत्य पनि हुन सक्दछ । मानवीय प्रवृत्ति पनि विभिन्न खालको हुन्छ । कुनै वस्तु विषय वा घट्नालाई हेर्ने दृष्टिकोण पनि फरक हुन्छ जसरी हेरिन्छ विश्लेषण गरिन्छ त्यस्तै विचार बन्छ । शिक्षाको क्षेत्रमा पनि यो कुरा लागू हुन सक्छ । शिक्षा कस्तो हुने भन्ने कुराको एउटा आधार समाज पनि हो । शिक्षाले समाजमा पार्ने प्रभावलाई यसप्रकार स्पष्ट पार्न सकिन्छ ।




स्रोत, http://www.mdpi.com/2071-1050/4/9/2247/htm बाट साभार गरिएको,

शैक्षिक अवस्थाले नै कुनैपनि ठाउको मानिसहरुको राजनैतिक अवस्थालाई देखाउदछ । अर्थात शिक्षित मानिसहरु छन भने त्यो समाजमा देश र समग्र राजनैतिक अवस्थाको बारेमा पनि चेतना बढि हुने गर्दछ । त्यस्तै सामाजिक दृष्टिकोणले पनि शिक्षालाई ज्योतिको रुपमा लिन सकिन्छ । शिक्षाले मानिसको हरेक क्षेत्रलाई प्रभाव पारेको हुन्छ । शिक्षित मानिसहरु हरेक पक्षमा अशिक्षित मानिस भन्दा सक्षम हुदछन । जबसम्म देशको राजनैतिक अवस्था अस्थिर रहन्छ,सामाजिक-सांस्कृतिक रूपमा शिक्षाप्रति सकारात्मक धारणाको विकास हुन सक्दैन, मनोवैज्ञानिक तथा व्यवहारिक दृष्टिकोण शिक्षाप्रति सकारात्मक हुन सक्दैन र आर्थिक रूपमा सक्षम हुन सकिँदैन त्यस्तो अवस्थामा प्रदान गरिने शिक्षा व्यवहारिक बन्न

सक्दैन । यी चारवटै पक्षले शिक्षालाई प्रत्यक्ष प्रभाव पार्दछन् । प्रस्तुत खाकामा यिनै चार तत्वहरूले कसरी शिक्षामा प्रभाव पार्छ भन्ने कुरा देखाइएको छ ।

१. **सामाजिक पक्ष :** मुसहरहरूको सबैभन्दा धेरै भेदभावपूर्ण व्यवहार सामाजिक पक्षबाट नै सहनु परेको छ । जस्तै : उपल्ला जातिलाई छुन नहुने, घरमा प्रवेश गर्न नहुने, कुवा, धारा, पानी तथा मन्दिरमा प्रवेश गर्न नहुने जस्ता सामाजिक विभेदका सिकार बनेका छन् ।

२. **आर्थिक पक्ष :** मुसहरहरूको सामाजिक पक्ष जस्तै आर्थिक पक्षमा पनि पीडित भनेका हुन् । मुसहरहरूले होटेल खोलेर बस्दा मुसहर हो भनी थाहा पाएपछि त्यहाँ खाना खान आउँदैन । अधिकांश मुसहरहरू भूमिहीन छन् भने गाउँका उपल्ला जातिहरूले मुसहरहरूलाई न्यून ज्यालामा आफ्नो खेतमा काम गराउन बाध्य तुल्याएका छन् ।

३. **धार्मिक पक्ष :** मुसहरहरू धार्मिक क्षेत्रमा धेरै भेदभावपूर्ण व्यवहार भएको पाइन्छ । उनहिरू खासमा हिन्दु भए तापनि खुल्ला रूपमा हिन्दुका मन्दिरमा प्रवेश गर्न पाउँदैन । धार्मिक उपदेशहरू सुन्न पाउँदैन । उपल्ला जातको केटा वा केटीसँग विहे गरेमा गाउँबाट निष्कासित गर्न बाध्य तुल्याउँछ ।

४. **राजनीतिक पक्ष :** मुसहरहरूले राजनीतिक क्षेत्रमा जति अधिकार पाउनु पर्ने हो त्यो अधिकार पाएका छैन । राजनीतिमा लागेका मुसहरहरूलाई उम्मेद्वार बनाउन गाउँका उपल्लो जातका मानिसहरूले आनाकानी गर्दछ । कतिपय मुसहरहरू परिचय पत्र र नागरिकता नभएकोले आफ्नो अमूल्य मत प्रदान गर्नबाट वञ्चित हुने अवस्था छ ।

# अध्याय : तीन

# अनुसन्धान विधी

अध्याय तीनमा अनुसन्धान पद्धति, अध्ययन क्षेत्र छनौटको औचित्य, अनुसन्धान ढाँचा, सूचना प्राप्तिका स्रोत, अध्ययनको समग्रता र नमूना छनौट, तथ्याङ्क संकलनका प्रक्रिया र तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषणको बारेमा अध्ययन गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्र छनोटको औचित्य

राज्यले उच्च स्तरीय शिक्षा आयोग (२०५९) अनुसार स्कुल सम्मको शिक्षालाई निशुल्क गरेको छ । जातीगत हिसाबमा २२ औं स्थानमा रहे पनि यो क्षेत्रमा शिक्षाको महत्व खासै पाइदैन । मुसहरहरुमा यसको प्रभावलाई केलाउने कोशिष गरेको छ । यस शोध कार्यका लागि सिरहा जिल्लामा अवस्थित चन्द्रलालपुर गा.वि.स. वडा नं. ६ का मुसहर जातिको सामाजिक आर्थिक स्थितिले शिक्षा माथीको प्रभावलाई हेर्न खोजिएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

यस अनुसन्धान कार्यमा मूलतः वर्णनात्मक, अन्वेषणात्मक पद्धतिको अवलम्बन गरिएको छ । वर्णनात्मक प्रकृतिबाट मुसहर जातिका आर्थिक, सामाजिक तथा सांस्कृतिक र विशेष गरी शैक्षिक पक्षको व्याख्या विश्लेषण तथा परिवर्तनको स्थितिलाई अध्ययन गरिएको छ । मुसहर वालबालिकाहरूको शैक्षिक उपलब्धी तथ्याङ्क सँगसँगै लिएर आन्तरिक रूपमा तुलना गरिएको छ । संख्यात्मक तथा गुणात्मक आँकडा संकलनको लागि स्थलगत अध्ययन विधि ( स्थलगत सर्वेक्षण) सान्दर्भिक हुने हुनाले यसैलाई बढी प्राथमिकता दिइएको छ । यो शोध कार्यका प्रत्येक चरणलाई योजनाबद्ध अध्ययन गरी आएको निष्कर्षलाई सामान्यीकरण गरिएको छ ।

## ३.३ तथ्याङ्कको स्रोत

सामन्यतया तथ्याङ्कको स्रोत भनेको तथ्याङ प्राप्त गर्ने स्रोतलाई जनाउदछ । यो अध्ययनको पुर्णताको लागी निम्न स्रोतहरुबाट तथ्याङ प्राप्त गरिने छ,

**१)प्राथमिक तथ्याङको स्रोत**, यो अध्ययनको लागी तथ्याङ सङकलन विभिन्न प्रकारले गरिन्छ । यसको लागी प्रश्नोतर, अनुसुची जस्ता औजारको पनि आवश्यक वेलामा प्रयोग गरिएको थियो ।तर यो अध्ययनको तथ्याङ संकलनको लागी भने स्थलगत सर्वेक्षणको बढि प्रयोग गरिएको छ ।

२) **द्वितीयक तथ्याङ्को स्रोत**, यो अध्ययनको दितिय तथ्याङहरु सकलनको लागी विभिन्न प्रकारका लेख, विभिन्न प्रकाशकले प्रकाशनमा ल्याएका कृतिहरु, विभिन्न संघसंस्थाले प्रकाशन गरेको कृतिहरुको आधारमा यस्ता तथ्याङहरु सकलन गरिएको थियो ।

यो अध्ययनका लागी तथ्याङका स्रोतहरु मध्ये दुबै स्रोतमा आधारित रहेर अध्ययन गरिएको छ । जसमा विभिन्न पाठ्यपुस्तक पत्रपत्रिका प्रकाशित एवं अप्रकाशित रचना शोधपत्र जस्ता स्रोतलाई आधार बनाइएको छ । यसका साथै प्रत्यक्ष प्राथमिक स्रोत अन्तर्गत प्रत्यक्ष अवलोकन, अन्तर्वार्ता जस्ता विधिको उपयोगबाट मुसहरहरूको विभिन्न अवस्थाको अध्ययन गरिएको छ ।

## ३.४ तथ्याङ्को प्रकृति

यस अध्ययनको निम्ति गुणत्मक र संख्यात्मक दुवै तथ्याङ्कहरू सङ्कलन गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत तथ्याङ्क सङ्कलन गर्ने अन्तर्वार्ता, छलफल, प्रश्नोत्तर तथा अवलोकन जस्ता विधिहरू अपनाई सूचना प्राप्त गर्ने कार्य गरिएको छ ।

द्वितीय स्रोत अन्तर्गत मुसहर जातिका बारेमा लेखिएका सन्दर्भ पुस्तक र विभिन्न पत्र पत्रिकामा प्रकाशित लेख रचनाहरू तथा मुसहर जातिको बारेमा जान्ने, बुझ्ने, स्थानीय बुद्धिजीवि, स्थानीय शिक्षक, बुढापाकाहरूसँग छलफल गरी तथ्याङ्क सङ्कलन गर्ने कार्य गरिएको छ ।

## ३.५ नमुना छनौट विधि

चन्द्रलालपुर गा.वि.स.का ६ मा भएका मुसहरहरूको घरधुरी जम्मा ५० घरधुरी मध्ये केबल २५ घरधुरी मात्र नमुनाको रुपमा लिइएको छ । नमुना छनौट गर्दा कम जनसख्या भएका

परिवारहरुलाई लिइएको छ । औसतमा एउटा परिवारबाट ४ जनाको दरले १०० जनालाई नमुनाको रुपमा लिइएको छ । जसमा नमुना छनोट विधि अवलम्बन गरी सबै घरधुरीलाई लिएको छ । साथै मुसहरको बारेमा धेरै जानकारी प्राप्त गर्नको लागी बुढापाका बुद्धिजीवि समाजसेवीबाट पनि जानकारी प्राप्त गरिएको छ । तथ्याङ्कहरू अन्तर्वार्ता सूची, अवलोकन विधि साथमा भेटघाटद्वारा तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.६तथ्याङ्क सङ्कलन विधि

चन्द्रलालपुर गा.वि.स. वडा नं. ६ मा बसोबास गर्ने मुसहरहरूको शैक्षिक स्तर थाहा पाउनका लागि निम्न विधिहरू प्रयोग गरी उनीहरूको वास्तविक शैक्षिक अवस्था पत्ता लगाएइको छ ।ती विधीहरु निम्न छन् :

१. **अन्तर्वार्ता:** यो अध्ययन पुरा गर्नको लागी खोजकर्ताले सो क्षेत्रमा ज्ञान भएकाहरुसंग अर्न्तवार्ता लिएको छ । अर्न्तवार्ता बिशेष गरेर मुसहरहरुको सामाजिक, आर्थिक र शिक्षासंग सम्बन्धित रहेको छ ।

२. **सामूहिक छलफल :** यो अध्ययन पुरा गर्नको लागी खोजकर्ताले अध्ययनको निष्कर्षको लागी अध्ययन क्षेत्रका मानिसहरु बिच छलफल गराई निष्कर्ष निकाल्ने प्रयास गरिएको छ ।

३. **अनुसुची:** यो अध्ययन पुरा गर्नको लागी खोजकर्ताले शिक्षा क्षेत्रमा भएका समस्याहरु को आधारमा प्रश्नावली तयार पारि सोही बमोजिम उत्तरदाताहरुबाट उत्तरहरु संकलन गरि अनुसुची भराउने काम गरिएको छ ।

### ३.७ तथ्याङ्कको प्रस्तुतीकरण र व्याख्या

अध्ययन अनुसन्धानको सफलता संकलन गरिएको तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतीकरणमा भरपर्ने हुनाले मुसहर जातिको शैक्षिक, आर्थिक, सामाजिक र सांस्कृतिक पक्षको अध्यनका लागि संकलन गरिने विभिन्न आँकडालाई आवश्यकताअनुसार तालिकासुव्यवस्थित ढंगले विभिन्न अध्यायमा विभाजन गरी विभिन्न पक्षसँग सम्बन्धित भिन्न-भिन्न शीर्षक राखी प्रस्तुत गरिएको छ । संकलन गरिएको तथ्याङ्कलाई सर्वप्रथम तालिकाबद्ध गरिएको छ ।

तथ्याङ्क शास्त्रको प्रतिशत निकाल्ने सामान्य प्रविधिको सहायताले प्रस्तुत गरी सवै पक्षहरू र तथ्यहरूको सकेसम्म खोजमूलक विवेचना एवं विश्लेषण गर्ने प्रयत्न गरिएको छ ।

## ३.८ अध्ययनको सीमा

आफ्नो कार्य क्षेत्र चन्द्रलालपुर गा.वि.स.को वडा नं. ६ लाई मात्र सीमित मात्रामा खास गरी मुसहरको सामाजिक,आर्थिक अवस्था र शैक्षिक स्थितीवारे खोज अनुसन्धान गरिएको छ । त्यसैले यस अध्ययनबाट नेपालभरिका मुसहरहरूको शैक्षिक प्रतिनिधित्व गर्न सक्दैन । यस अध्ययनले केवल यसै क्षेत्रका मुसहरहरूको मात्र प्रतिनिधित्व गर्ने हुनाले कुनै अर्को स्थानमा बसोबास गर्ने मसुहरहरूको  सामाजिक,आर्थिक अवस्था र शैक्षिक स्थिती नमिल्न सक्दछ र यसको निष्कर्ष अन्य स्थानका सामान्यीकरण नहुन सक्दछ ।

# अध्यायचार

# मुसहर जातिको सामाजिक–आर्थिक स्थिती रशिक्षामा पहुँच

यो अध्ययनमा चन्द्रलालपुर गा.वि.स. अर्न्तगत वडा न. ६ को ५० घरधुरीबाट जम्मा जनसख्या २५० जनाहरु मध्ये२५ घरधुरीबाट १०० जनालाई नमुना अध्ययनको रुपमा लिइएको छ । यसलाई निम्न तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका नं. १**

**नमुनाधरघुरी र जनसख्या**

| जम्मा घरधुरी | जम्मा जनसख्या | नमूना घरधुरी | नमूना जनसख्या |
|---|---|---|---|
| ५० | २५० | २५ | १०० |

स्रोतः स्थलगत अध्ययन २०७१ ।

तालिका नं. १ मा,सिरहाको अन्तर्गत पर्ने चन्द्रलालपुर गा.वि.स.भित्र वसोवास गर्ने ५० घरधुरीका २५० जना मुसहरहरूबाट नमूना छनौटको लागि २५घरधुरीका १०० जना मुसहरहरूको अध्ययन गरिएको छ । अध्ययनको औचित्य, बजेटको सिमा, अध्ययन अवधि आदि कारणले गर्दा २५ घरधुरी लाई मात्र नमुना अध्ययनको जनसंख्या भित्र राखिएको हो ।

## ४.१. सिरहामा बसोवास गर्ने जातिहरूको जनसंङ्ख्या विवरण

मुसहर जातीको अध्ययन गर्नु भन्दा पहिले सिरहा जिल्लामा बसोबास गर्ने विभिन्न जातजातिहरु र तिनीहरुको जनसंख्याको स्थितिलाई र तिनीहरुको वर्गीकरण अध्ययन गर्नु आवश्यक हुन्छ । जसलाई निम्न तालिकाबाट प्रष्ट पार्न सकिन्छ

### तालिका नं. २

### सिरहाको जनसंङ्ख्या विवरण

| जाती | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|
| ब्राम्हण, क्षेत्री, ठकुरी | १५८,६७८ | २८.२३ |
| यादब, महतो | १२५,४५८ | २२.२३ |
| मुसहर | ३९,९२९ | १६.५० |
| वैश्य | ७६,२७५ | १३५७ |
| द्यलित | ६७,७३१ | १२.०५ |
| मुसलमान | १७,१४४ | ३.०४ |
| गुरुङ्ग, मगर, लामा | १२,३१० | २.१९ |
| अन्य | १७९,७३२ | २.३३ |
| जम्मा | ६३७,३२८ | १०० |

स्रोतः जिल्ला विकास योजना, सिरहा २०६८ ।

तालिका नं. २ मा, जिल्लाको जनसख्यालाई देखाउन खोजिएको छ । सिरहा जिल्लामा बसोवास गर्ने विभिन्न जातिहरूको कूल जनसङ्ख्या ६३७३२८ रहेको छ त्यसमध्ये सबैभन्दा बढी जनसङ्ख्या हुने ब्राम्हण क्षेत्री, ठकुरी २८.२३ प्रतिशत दोस्रो स्थानमा यादब २२.३३ प्रतिशत छन भने तेस्रो स्थानमा मुसहर जाति १६.५० प्रतिशत पर्दछन् । जनसङ्ख्याको हिसावले तेस्रो स्थान ओगटेका यी मुसहर जातिहरूको शैक्षिक अवस्था भने सन्तोषजनक पाइँदैन । तर हाल आएर यी जातिहरूको सामाजिक र आर्थिक अवस्थामा क्रमिक सुधार हुँदै गएको र अन्य जातिहरूसँगको सम्पर्क बढ्दै गएकोले शिक्षातर्फ पनि सुधारात्मक अवस्था आएको पाइन्छ । सिरहा जिल्लाको जनसख्याको वितरणलाई हेर्दा मुसहर जाति तेश्रो ठुलो जनसंख्या भएको जनसंख्या भित्र पर्दछ । तराईको जिल्लाहरुमा जातको वर्गीकरणलाई हेर्दा मुसहरको जनसख्याले महत्वपुर्ण स्थान ओगटेको पाइन्छ ।

### ४.१.१ चन्द्रलालपुर गा.वि.स.को जातिगत जनसंङ्ख्या विवरण

यस अध्ययनको मुख्य अध्ययन क्षेत्रचन्द्रलालपुर गा.वि.स.को वडा न. ६ हो । यो गा.वि.स.को जनसंख्याको वर्गीकरणलाई हेर्दा जातजातिगत आधारमा विभाजन गरेर यसप्रकार स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं. ३**

**चन्द्रलालपुर गा.वि.स.को जातिगत जनसङ्ख्या विवरण**

| जातिको नाम | जनसंङ्ख्या | प्रतिशत |
|---|---|---|
| मुसहर | २५०० | ४० |
| ब्राह्मण, क्षेत्री, ठकुरी | २०६२ | २७ |
| कुमाल | १३०७ | १७ |
| नेवार | ३८ | ५ |
| दलित | ६१९ | ८ |
| दराई, बोटे, माझी | १५१ | १.९ |
| मगर, गुरुङ्ग, राई, तामाङ्ग | ३५३ | ४.६ |
| जम्मा | ७०३० | १००.० |

स्रोत : राष्ट्रिय जनगणना, २०६८ ।

तालिका नं. ३ मा,जिल्लागत हिसाबले हेर्दा तेश्रो ठुलो जनसंख्या भए पनि चन्द्रलालपुर गा वि. स. मा भने मुसहर जातीको जनसंख्या अरु जातको भन्दा धेरै छ ।यो जिल्ला तराई भएको र मुसहर जातीहरु आदिकाल देखी नै बस्दै आएको कारणले गर्दा यिनीहरुको जनसंख्या धेरै हुन गएको हो । सिरहाको अध्ययन क्षेत्रमा अन्य थरको तुलनामा मुसहर जातीको जनसख्या धेरै रहेको पाइन्छ । यस चन्द्रलालपुर नमूना गा.वि.स.को कूल जनसङ्ख्या राष्ट्रिय जनगणना अनुसार ७०३० मध्ये मुसहर जाति २५०० रहेका छन् । तालिकाको विश्लेषण गर्दा चन्द्रलालपुरको जनसङ्ख्याको४० प्रतिशत भाग ओगटेको मुसहर जातिको विशेष महत्व छ । त्यसैले यस जातिलाई शिक्षामाविशेष ध्यान दिन जरुरी छ । चन्द्रलालपुर गा.वि.स.मा अन्य जातिको तुलनामा मुसहर जाति पनि एउटा जाती हुनाको प्रमुख कारण यिनीहरू धेरै वर्ष अघिदेखि यहाँ बसोबास गर्दै आएका छन् । यहाँसम्म कि यस गा.वि.स.मा प्रारम्भमा धेरै जसो मुसहर जाति बाहेक अन्य जातिहरू नगन्य रूपमा पाइन्छ ।

तर पछि गएर अन्य जातिहरू विभिन्न जिल्लाहरूबाट बसाईं सरेर आएको पाइन्छ । ती मध्ये बहुसंख्यक ब्राह्मण, क्षेत्री, भएकोले यी जातिहरू चेतनाको हिसाबले पनि अगाडि रहेका र शिक्षामा पनि उनीहरूको बाहुल्यता भएको हुँदा तुलनात्मक रुपमा मुसहर जाति शिक्षामा पछाडि परेको पाइन्छ । तापनि हालका दिनहरूमा उनीहरू पनि शिक्षाका क्षेत्रमा अगाडि बढेको पाइन्छ ।

### ४.१.२दलित जनसख्याको साक्षरता दर

केन्द्रिय तथ्याङ (२०११) को आधारमा तराईको जनसख्याको वर्गीकरणलाई हेर्दा साक्षरता दरको बर्गीकरणलाई निम्न तालिकावाट प्रष्ट पार्न सकिन्छ ।

**तालिकानं. ४**

**पिछडिएका जातीको साक्षरता दरको प्रतिशत**

| जात | साक्षरता दर | | |
|---|---|---|---|
| | पुरुष | महिला | दुबै |
| धोबी | ४६.५ | १९.१ | ३३.६ |
| हल्कार | ३८.१ | २१.७ | ३०.१ |
| बान्तर | ३५.९ | १०.२ | २३.४ |
| टमटा | ३३.० | १०.२ | २२.२ |
| दुसाध | २८.५ | ८.६ | १९.१ |
| चमार | २७.९ | ९.० | १८.९ |
| खाते | २६.३ | ७.१ | १७.२ |
| डुम | १४.९ | ५.२ | १०.३ |
| मुसहर | ९.८ | ३.८ | ६.९ |

स्रोतः केन्द्रिय तथ्याङ्क विभाग, २०६८ ।

तालिका नं.४ मा पिछडिएका समुदायहरुको साक्षरता देखाइएको छ । के.त.वि. (२०६८) को प्राप्त तथ्याङ्क अनुसार दलितहरुको जनसख्या मध्ये सबै भन्दा धेरै साक्षरता भएको जात अर्न्तगत धोबीको ३३.६ प्रतिशत छ भने, सबैभन्दा कम साक्षरता भएका जनसख्या मुसहर

जातको देखिन्छ । त्यसैले यस अध्ययनमा मुसहरहरुको शिक्षामा पहुचको अध्ययन गर्ने कोशिस गरेको छ ।

### ४.१.३ चन्द्रलालपुर गा.वि.स.मा मुसहर जातिको वडागत जनसङ्ख्या विवरण

अध्ययन क्षेत्र सिरहा जिल्ला चन्द्रलालपुर गा.वि.स.मा मुसहरहरुको जनसंख्या विवरणलाई वडागत रुपमा विभाजन गरी निम्नानुसार प्रष्ट पार्न सकिन्छ ।

**तालिका नं. ५**

**चन्द्रलालपुर गा.वि.स.मा मुसहर जातिको वडागत जनसङ्ख्या विवरण**

| क.सं. | वार्ड नं. | महिला | पुरुष | जम्मा | जम्मा मुसहर | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | १ | ४४० | ३९३ | ८३३ | ५१० | ३९.०० |
| २. | २ | ३२६ | २८२ | ६०८ | ७१४ | ६१.१३ |
| ३. | ३ | १५८ | १४७ | ३०५ | ९०७ | ८६.८० |
| ४. | ४ | २९५ | २९४ | ५८९ | ९५७ | ७५.६५ |
| ५. | ५ | २७१ | २५० | ५२१ | ३०५ | २५.४२ |
| ६. | ६ | २०३ | २२० | ४२३ | ३७७ | ४९.९३ |
| ७. | ७ | १०४ | ८४ | १८८ | २९७ | ३३.४१ |
| ८. | ८ | १५७ | १८६ | ३४३ | ५१ | ८.५३ |
| ९. | ९ | ४० | ६० | १०० | ३०७ | १४.६६ |
| जम्मा | | १९०३ | २००७ | ३९१० | ४४२५ | ४२.८६ |

स्रोत : स्थलगत अध्ययन, २०७१ ।

तालिका नं. ५ को अनुसार चन्द्रलालपुर गा.वि.स.मा मुसहर जातिको जनसंख्या ४४२५ रहेको देखिन्छ । नौवटा वडामध्ये मुसहर जातिको बाहुल्यता वडा नं. ३ मा देखिन्छ जहाँ यिनीहरुको जनसंख्या ९०७ अथवा ८६.८० प्रतिहत रहेको छ , भने सबैभन्दा कम वडा नं. ८ मा देखिन्छ जहाँ यिनीहरु ५१ जना अर्थात् ८.५३ प्रतिशत रहेका छन् । यस्तो जनसख्याको वितरण हेर्दा अन्य समुदायको जनसख्या भन्दा मुसहर जातीको जनसख्या बढी रहेको छ । तर धेरै जनसख्या भएको मुसहर जातिमा शिक्षाको पहुच भने कम रहेकोपाइन्छ ।

### ४.२ आर्थिक अवस्था

चन्द्रलालपुर गा.वि.स. आर्थिक दृष्टिले सवल छ अथवा दुर्वल छ भन्ने बारे जान्नका लागि यहाँका बासिन्दाहरूको आर्थिक स्थितिको बारेमा जान्नुपर्ने हुन्छ । यसका लागि यहाँको कृषि क्षेत्रमा संलग्न जनशक्ति कृषिगत सफलता, व्यापार, वाणिज्य उद्योगधन्दा उत्पादन तथा नोकरी आदि सबैलाई राम्ररी केलाएर हेर्नुपर्ने हुन्छ । अब यहाँ यिनै विविध पक्षलाई वर्णन गरी यस नमूना गा.वि.स.को आर्थिक अवस्था चित्रण गरिएको छ ।

#### ४.२.१ पेशागत विवरण

यहाँका अधिकांश मुसहर जातिहरू कृषि पेशामा संलग्न रहेका छन् । यसका अतिरिक्त केही संख्यामा उद्योग व्यापार, ज्याला मजदुरी, नोकरी आदि पेशा पनि अपनाएको पाइन्छ । यसरी यहाँका मानिसहरूले अपनाउने पेशालाई निम्नलिखित विभिन्न बुँदाहरूमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ ।

मुसहर जातिको प्रमुख खाध्यन्नको श्रोत भनेको धान र गहु हो । उनीहरुको प्रमुख आम्दानीको श्रोत भनेको ज्यालादारी हो । खाली समयमा उनीहरु प्राय गरेर माछा मार्नेकाममा ब्यस्त हुने गर्दछन । यसको अलवा उनीहरु प्राय गरेर खेतीपाती नै यहाँका मुसहर जातिको प्रमुख व्यवसाय हो । खेती व्यवसायमा यिनीहरू निकै मेहनती र परिश्रमी देखिन्छन् । गर्मी क्षेत्र भएकाले खेती गर्ने समयमा बिहान ५ बजेदेखि दिउँसो १२ बजेसम्म यिनीहरू खेतबारी जोत्ने गर्दछन् र दिउँसो २/३ घण्टा आराम गरेपछि पुनः काममा व्यस्त रहन्छन् । धान खेती नै बढी हुने भएकाले भात यिनीहरूको प्रमुख खाना हो । खेतीका अलावा यिनीहरूले माछा मार्ने, पशुपालन, डकर्मी, सिकर्मीका काम गर्ने आदि पेसा पनि अपनाएको देखिन्छ, तर दैनिक ज्यालादारी र खेतीबाहेकका अन्य पेसा भने अपवादको रूपमा मात्र पाइन्छ । खेतबारीबाट काम गरी घरमा आएर बस्दा पनि यिनीहरू प्रायः खाली हात बस्दैनन् । हलो जुवा बनाउने, डोरी बाट्ने , माछा मार्ने आदि काम गर्दछन् । यस्तै मुसहर महिलाहरूले रुमाल बुन्ने, गुन्द्री चटाइ आदि बुन्ने गरेको देखिन्छ । यसरी बनाएका सामग्रीहरू घरको उपयोगबाट बचेको बजार लगी बेचेर अर्थ उपार्जन पनि गर्दछन् ।

यिनीहरू धान, तोरी, गहुँ, दाल आदि खाद्यान्न बाली तथा नगदेबाली पनि बेचेर अर्थ उपार्जन गर्दछन् ।

यहाँ नजिकमा पर्ने पुर्वमा गोलबजार (न.पा.), पश्चिम्मा पुरानो चोहर्वा बजार र दश्रिणमा बलकवा हाट बजार लाग्ने भएकोले यहाँका मुसहरहरू त्यहीँ आफ्नो सामान लगी बेच्ने गर्दछन् र आफूलाई चाहिने नुन, तेल, चिनी आदि घरमा चाहिने आवश्यक सामान किनेर ल्याउँछन् ।

खेतीका अलावा यिनीहरू पशुपंक्षी पालन पनि गर्दछन् । यिनीहरूले पाल्ने पशुहरूका भैंसी, राँगा, गाई, गोरु, वंगुर, खसी, बोका, भेडा आदि पर्दछन् भने पंक्षीहरूमा कुखुरा, परेवा आदि पर्दछन् । खासगरी धन कमाउने र घरको आर्थिक भार बहन गर्ने आधार यिनै हुन् । पशुहरू बेचेर ठूलो धनराशी जम्मा गर्ने पनि केही परिवार छन् भने कुखुरा, परेवा बेचेर घरको आधारभूत आवश्यकता पूरा गर्ने पनि यहाँ छन् ।

गाउँमा सानोतिनो व्यापारव्यवसाय गरी जीविका चलाउने परिवार पनि छन् । त्यस्तै व्यापार गर्नेहरूले गाउँमा खुद्रा पसल तथा चिया, रक्सी बेच्ने गर्दछन् । यसका अलावा कोही धान, तोरी, खरिद गर्ने र बजार लगी बेचेर नाफा कमाउने पनि गर्दछन् । विदेशतर्फ गई नोकरी गर्ने मुसहर यूवाहरू पनि यहाँ छन् । खासगरी भारतमै यिनीहरू जाने गरेको देखिन्छ । विदेशमा गई नोकरी गर्ने युवाहरू २/४ वर्षको अन्तरमा केही पैसा कमाएर घरमा ल्याउँछन् र घरायसी समस्या समाधान गर्ने गर्दछन् ।

यहाँका सबैजसो मुसहरको आ-आफ्नै जग्गा जमिन छ र आफ्नै जमिनमा खेती गरी खाने गर्दछन् । आफ्नो जमिन नभएका मुसहर परिवारले जमिन्दारहरूको जमिनमा अधिया, ठेक्का कमाइ गरिखाने प्रचलन पनि यहाँ छँदैछ । यिनीहरू हिउँदे वाली, वर्षे बाली दुवै किसिमका वाली लगाउँछन् । यहाँको वर्षे बालीमा मुख्य धान, मास, हो भने हिउँदे बालीमा तोरी, गहुँ आलु, काउली, भण्टा, गोलभेडा मुख्य छन् । यसको अलावा मकै, फापर आदि खेती पनि यहाँ उब्जाइन्छ । यहाँको अर्को चाखलाग्दो प्रचलन छ त्यो हो मुसहर महिलाहरूले पेवाका रूपमा बाखा,गाई गोरु,भैंसी, वंगुर, कुखुरा पाल्ने र त्यसलाई ठूलो बनाएपछि बेची अर्थ उपार्जन गर्ने । जसबाट मुसहर महिलाहरूले आफ्नो इच्छा लागेको गरगहना, कपडा किनेर लगाउने गर्दछन् । खानपिनमा यिनीहरूको बढी खर्च भएको देखिन्छ । रक्सी, जाँड आफू

खाने र पाहुनाहरूलाई पनि अनिवार्य रूपले खुवाउनुपर्ने प्रावधानले अन्नको खर्च बढी हुने गर्दछ ।

नेपालीहरूको पाहुनालाई बढी श्रद्धा र इज्जत गर्ने धारणाअनुरूप यहाँका मुसहर जातिमा पनि पाहुनालाई देवतालाई जस्तो मान्यता दिने प्रचलन छ । सानोतिनो कार्यक्रममा सानाठूला चाडपर्वहरूमा पाहुनालाई अनिवार्य रूपले बोलाउने र खुवाउने प्रचलनले अनावश्यक खर्च बढेको देखिन्छ । यस किसिमको खर्चले परिवारको आर्थिक मामिलामा ठूलो असर पारेको हुन्छ । यिनीहरू आफूसँग नभए सापटी तथा ऋण लिएर भए पनि खाने र खुवाउने गर्दछन् । यो प्रचलनले गर्दा आर्थिक स्थितिमा विपन्न मुसहरहरू झन्झन गरिब हुँदै गइरहेका छन् जुन परिवार अन्त्यमा ऋणले चुर्लुम्म डुबी आफ्नो घरखेत नै बेची साहुलाई ऋण बुझाएर आफू अर्काको घरमा काम गर्न बस्छन् र आफ्नो पारिवारिक समस्या हल गर्ने गर्दछन् । खेती नै यिनीहरूको मुख्य पेसा र आयश्रोतको मुख्य आधार भएकाले खेतबारी नै नहुनेहरूको लागि खर्च चलाउन मुश्किल पर्दै आइरहेको छ । बाध्य भई उनीहरूले अन्य पेसा अपनाउनुपरेको छ । यसरी सामाजिक रीतिरिवाज पनि आर्थिक पश्नको कारक तत्व बनेको छ ,जसले गर्दा उनीहरुले शिक्षामा लगानी गर्न सकेका छैनन् । यसर्थ यिनीहरुका बालबालिकाहरुको शिक्षामा पहुँच कम हुन गएको छ ।

मुसहर जातिका मानिसहरू विभिन्न पेशामा आबद्ध भएका छन् । ती पेशाहरूमध्ये अध्ययन गरिएको क्षेत्र ६ वडाका १०० जना मध्ये धेरै संख्या खेतिपातीमा निर्भररहेको पाइयो अर्थात् ९३व्यक्तिहरूले आफ्नो मुख्य व्यवसाय नै खेतीपाती बनाइएको पाइयो । कृषि पेशा अपनाउनेमा महिला भन्दा केही मात्रामा पुरुषको संलग्नता कमि रहेको पाइयो । यहाँ अपनाइने पेशागत विवरणलाई तालिकामा राखी देखाउने प्रयास गरिएको छ ।

**तालिका नं. ६**

**मुसहर जातिको पेशागत विवरण**

| क.सं. | पेशाको नाम | महिला संख्या | प्रतिशत | पुरुष संख्या | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | कृषि | २० | ४९ | २० | ४१ | ४० | ४० |
| २ | व्यवसाय | ० | १ | १ | ४ | १ | १ |
| ३ | वैदेशिक रोजगार | ३ | ३ | ६ | ५ | ९ | ९ |
| ४ | मजदुरी | ७ | १२ | १३ | २५ | २० | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | विद्यार्थी | १७ | ३५ | १३ | २५ | ३० | ३० |
| जम्मा | | ४५ | १००.०० | ५५ | १००.०० | १०० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७१ ।

तालिका नं. ६ मा मुसहर समुदायका वालवालिकालाई पढाउनुपर्छ शिक्षा नै आर्थिक मजवुतीको आधारशिला हो भन्ने कुरालाई आत्मसात गरिएको कुरा यहाँका विद्यार्थीहरूको संख्या कृषि पछि अधिकतम् हुनुले संकेत गर्दछ । यहाँको पेशागत विवरणको तथ्याङ्कलाई केलाउँदा बढी विद्यार्थी अर्थात् १०० जनामा ३० जना ३० प्रतिशत पर्दछन् । तेस्रो स्थानमा मजदुरी गर्नेको संख्या २० अथवा २० प्रतिशत रहेको पाइयो । वास्तवमा आफ्नो नभए पनि अर्काको खेतमा गई काम गरी खाने भएकोले यिनीहरू पनि किसान नै हुन् । अधिकांश खेतवारीमा अन्न उत्पादन गर्ने यिनीहरू नै हुन्छन्, जग्गा हुनेहरू यिनैको शोषण गरी झनझन धनी हुँदै गइरहेका छन् । गैह्रसरकारी नोकरी गर्नेको स्थान चौथो नं. मा पाइयो । वैदेशिक रोजगारमा पनि संलग्नता रहेको देखिन्छ । यसमा महिला, पुरुष गरेर ९ जना अथवा ९ प्रतिशत देखिन्छ । आफ्नो व्यवसाय गर्नेको संख्या एकदम न्यून देखिन्छ । १०० जनसङ्ख्यामध्ये जम्मा १ जना १ प्रतिशत रहेको पाइयो । चन्द्रलालपुर गा.वि.स.मा हरेक क्षेत्रमा महिला सहभागिता देखिन्छ । जताततै देखापरेको परिवर्तन लैङ्गिक समानता जस्ता कुराहरूले केही हदसम्म भए पनि सकारात्मक प्रभाव पारेको देखिन्छ ।

### ४.२.२ आर्थिक विवरण

खेती नै यहाँका मुसहर जातिको प्रमुख व्यवसाय हो । खेतीपातीमा यिनीहरू निकै मेहनती र परिश्रमी देखिन्छन् । गर्मी क्षेत्र भएकाले खेती गर्ने समयमा विहान ५ बजेदेखि दिउँसो १२ बजेसम्म यिनीहरू खेतबारी जोत्ने गर्दछन् र दिउँसो २/३ घण्टा आराम गरेपछि पुनः काममा व्यस्त रहन्छन् । यहाँका मुसहर कृषक सबैको आ-आफ्नै जग्गा नभए पनि जमिन्दारहरूको जमीनमा अधिया ठेक्का कमाई गरी खाने प्रचलन छँदैछ ।

**तालिका नं. ७**

**आर्थिक विवरण**

| क्र.सं. | जग्गा विवरण (कठ्ठा) | परिवार संख्या | प्रतिशत | क्षेत्राङ्क |
|---|---|---|---|---|
| १ | भूमिहिन | १० | १० | १/१० |
| २ | ०–१ | ३० | ३० | ३/१० |
| ३ | २–३ | ४० | ४० | ४/१० |
| ४ | ४–७ | १२ | १२ | १.२/१० |
| ५ | ८–१० | ८ | ८ | ०.८/१० |
| ६ | ११–२० | – | ० | – |
| ७ | १ विघा भन्दा माथि | – | ० | – |
| जम्मा | | १०० | १०० | १० |

स्रोत : स्थलगत अध्ययन, २०७१ ।

तालिका नं. ७ मा मुसहर जातिहरूसँग पहिले प्रशस्त मात्रामा जग्गा जमिन थियो तर अत्यधिक सन्तानोत्पादनका कारण सगोल परिवारबाट एकल परिवारमा विभाजन हुँदा जमिन पनि विभाजन भई जग्गा कम हुन गयो । परिवार संख्या अनुसार आवश्यक जमिन पुग्ने संख्या न्यून पाइयो । १०० घर परिवारमध्ये १०परिवार अर्थात् १० प्रतिशत परिवारसँग भुमीहिन छन । परम्परालाई आधार मान्ने यहाँका मुसहरहरू अत्यन्त मेहनती, सरल र इमान्दार हुँदा हुँदै पनि चाडपर्वमा मदिरा सेवन, दाइजो प्रथा जस्ता कुराहरूको फान्दामा परी मान्ने भूमिहिन बन्न पुगेको पाइयो । वार्ड नं. ६ को घरधुरी सर्वेक्षणमा १० घरपरिवार भूमिहिन रहेको देखिन्छ । आर्थिक अभावलाई टार्न चर्को व्याजमा भए पनि ऋण लिने पछि ऋण तिर्न नसकि जमिन टुक्राउँदै बेच्दै जाने गर्नाले यी जातिहरू भूमिहिन वन्न पुगेको देखिन्छ । मुसहर जातिमा आर्थिक स्रोत एवम्  जिविकोपार्जनको स्रोत कमजोर रहेकोले ती परिवारका बालबालिकालाई शिक्षामा आवश्यक पर्ने लगानी गर्न कठिन हुने गरेको पाइयो । परिवारको संख्या अधिक हुँदा यस्तो अवस्थामा खान नपुग्ने र शिक्षामा लगानी गर्न नसकिने हुन्छ । केही मात्रामा शिक्षामा लगानी गर्ने परिवारले छोरीलाई भन्दा छोरालाई बढी प्राथमिकता दिएको पाइयो । यसले मुसहर बालबालिकाहरूको शिक्षा झनै कमजोर हुने देखियो ।

आर्थिक कठिनाईलाई केही हदसम्म न्यून गर्न यहाँका कृषकहरूले खेतीको अलावा अरु काम गरेको पनि पाइयो । पशुपालन,डकर्मी, सिकर्मीको काम गरेको पाइयो । खेती बाहेक अन्य पेशा अपवादको रूपमा मात्र गरेको पाइयो । हलो जुवा बनाउने डोरी वाट्ने काम पनि गरेको पाइयो । मुसहर महिलाहरू रुमाल बुन्ने, गुन्द्री, चटाई बुन्ने गरेको पाइयो । यसरी बनाएका सामग्रीहरू घरको उपयोगबाट बचेको चन्द्रलालपुर गा.वि.स. बाट नजिक पर्नेगोलबजार,पुरानो चोहर्वा बजार र बलकवा हाटबजारमा लगी बेचेर आफूहरूलाई आवश्यक पर्ने नुन, तेल, चिनी, मसला, आवश्यक सामान किन्ने गरेको पाइयो । कडा परिश्रम, मेहनत र लगनशीलताको वावजुत पनि आर्थिक कठिनाइमा परेका यी चन्द्रलालपुरका मुसहरको अवस्था अत्यन्त दयनीय रहेको पाइयो । यस्तो कमजोर आर्थिक अवस्थाका कारण उनीहरूको शैक्षिक अवस्था पनि स्वतः कमजोर हुने देखिन्छ ।

### ४.२.३ जग्गाको आधारमा आम्दानी विवरण

नेपाल कृषिप्रधान देश हो तैपनि कृषिलाई व्यवसायमुखी बनाउन नसक्नु देशकै दुर्भाग्य हो । कृषि व्यवसाय निर्वाहमुखी अवस्थामै रहनु यो एउटा राष्ट्रिय समस्या हो । यो समस्याबाट यस गा.वि.स. पनि अछुतो रहन सकेको छैन ।

यस गा.वि.स. वडा नं. ६ बस्ने ५५ वर्षका कृषकश्री राम परिक्षण सदायले आफ्नो समस्यालाई यसरी व्यक्त गर्नुहुन्छ “सरकारले कृषि ऋण सस्तो व्याजदरमा हामीलाई उपलब्ध गराइदिएमा रासायनिक मलखाद, किटनाषक औषधि, उन्नत विउ विजन प्रयोग गरेर केही हदसम्म कृषिमा सुधार ल्याउने थियौं । आवश्यक परेको समयमा कृषि ऋण सहज रूपमा उपलब्ध हुन सक्दैन ।

वर्षभरी काम गरेर कृषकलाई ३ महिना खान नपुग्नेको संख्या पनि यहाँ प्रशस्त रहेछ । सिंचाइको अभाव र परम्परागत तौरतरिकाबाट खेती गर्ने प्रचलनले पनि होला उत्पादन कम भएको । केही कृषकहरूले पाखा पखेरामा परम्परागत रुपमा केरा र मेवाको खेती गरेको पाइयो । यसमा वार्ड ६ को उत्पादनलाई तलको तालिकामा प्रष्ट पार्ने प्रयास गरिएको छ ।

## तालिका नं. ८

## जग्गाको आधारमा आम्दानी विवरण

| क्र.सं. | आम्दानी (धान मुरीमा) | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आम्दानी नभएको | १० | १० |
| २ | १० मुरीसम्म | ९० | ९० |
| ३ | ११–२० मुरी | - | - |
| ४ | २१–३० मुरी | - | - |
| ५ | ३१–४० मुरी | - | - |
| ६ | ४१–५० मुरी | - | - |
| ७ | ५१ भन्दा माथि | - | - |
| जम्मा | | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७१ ।

तालिका नं. ८ मा मुसहर जातिको प्रमुख पेशा कृषि भएको हुँदा उनीहरूको आयश्रोतको प्रमुख आधार पनि कृषि नै हो । उनीको जग्गाको अनुपातमा कृषि उत्पादनलाई माथिको तालिकामा उल्लेख गरिएको छ । उत्पादनमा धानबालीलाई प्रमुख मानिएको छ । जसअनुसार १०० घरपरिवारमध्ये ९० घरपरिवार ९० प्रतिशतको १० मुरीभन्दा कम आम्दानी भएको पाइयो ।सामान्यतः यथेष्ट उत्पादन हुने र गुजारा चल्ने परिवारको संख्या न्यून भएको पाइयो ।

मुसहर जातिले आफ्नो आवश्यकता पूरा गर्न आफूसँग भएको जमिन टुक्राएर बिक्री गर्दछन् । मुसहरका युवतीहरू नगन्य मात्रामा जागिरे, स्कुलको शिक्षक, शिक्षिका र केही यूवायुवती विदेशतिर गएको पनि पाइयो । अन्य जातिहरूको तुलनामा मुसहर जातिको आम्दानीका स्रोतहरू अत्यन्त न्युन देखिन्छ । अन्य जातजातिहरू समयसापेक्ष चलेको देखिन्छ । उद्योग, व्यापार, कलकारखाना, नोकरी हरेक क्षेत्रमा उनीहरूको पहुँच देखिन्छ ।

मुसहर जातिलाई यो अवस्थाबाट परिवर्तन गर्न जरुरी देखिन्छ । जबसम्म उनीहरूलाई शिक्षाको उज्यालो घाममा आलोकित गराउन सकिँदैन तबसम्म आर्थिक विकासमा अगाडि बढाउन सकिँदैन । शिक्षाको माध्यमबाट कृषिमा आधुनिक सुधार वैकल्पिक पेसाको खोजी फजुल खर्चको कटौती गर्न गराउन सकिएमा उनीहरूको आर्थिक सुधार हुने देखिन्छ । यसरी

मुसहर जातिमा थोरै खेत भएको कारण उनीहरु प्राय गरेर दैनिक ज्यालादारी गर्ने काममा ब्यस्त भएको पाउदछौ ।

### ४.२.४ आर्थिक अवस्थाले शिक्षामा पारेको प्रभाव

शिक्षा नै उन्नतिको मुहान हो । यसर्थ हरेक विकासका प्रयासहरूमा शिक्षाको भूमिका उल्लेखनीय रहेको हुन्छ । हाम्रो जस्तो विकासोन्मुख देशमा त झन शिक्षाको महत्व अपरिहार्य छ ।

शिक्षाको विकासका लागि आवश्यक पर्ने लगानीमध्ये अर्थ वा पूँजी एक महत्वपूर्ण तत्व हो । अर्थ जुनसुकै पक्षको विकासको मेरुदण्ड हो । शिक्षाका लागि आवश्यक पर्ने भौतिक एवम् शैक्षिक व्यवस्था मिलाउन अर्थ आवश्यक हुन्छ । मुसहर जातिको मुख्य आयश्रोतको केन्द्र कृषि हो ।

यसका अतिरिक्त स्वदेशी एवम् विदेशी रोजगारी र घरेलु इलम पनि आयको श्रोत हो । मुख्यतः कृषिलाई आयको स्रोत माने तापनि कृषिमा उत्पादन प्रतिफल ह्रास नियम लागू हुने, कृषि प्रायः आकासे वर्षामा मात्र भर पर्नुपर्ने, परम्परागत कृषि प्रणाली हुनुले आशातीत परिणाम प्राप्त गर्न सकिएको छैन । स्वदेशमा रोजगारी प्राप्त गर्न नसक्ने, गरे पनि न्यून पारिश्रमिकमा चित्त बुझाउनुपर्ने स्थिति छ भने अर्कोतर्फ मुसहर जातिले जनचेतनाको अभावका कारण परम्परादेखि गर्दै आएको फजुल खर्चलाई कटौती गर्न सकेका छैनन् । भोजभतेर गर्नु, जाँड रक्सी सेवन गर्नु जस्ता कार्यले पनि आर्थिक क्षय गराएको पाइन्छ ।

यसरी दिन प्रतिदिन मुसहर जातिको आर्थिक अवस्था कमजोर बन्दै गएका कारण आफ्ना सन्ततीलाई शिक्षामा लगानी छुट्याउन सकेका छैनन् । कतिपय मुसहर बालबालिकाहरू अरुको घरमा गोठाला बस्ने धराले बस्ने र घरभित्रको काममा बालीकाहरू भित्रीनीको रूपमा काम गर्न जाने प्रचलन हाम्रो समाजमा यथावत नै छ । कतिपय बालबालिकाहरू विद्यालयमा भर्ना भए पनि कक्षा वा तह पूरा नगर्दै पढ्न छुटाउने । बालबालिकालाई पढ्न पठाए पनि घरमा चासो नदिने । पाठ्यपुस्तक, कपि, कलम, ड्रेस, जुत्ता जस्ता बालकलाई नभई नहुने आधारभूत कुराहरू पनि उनीहरूले प्राप्त गर्न सक्दैनन् । यस्तो परिस्थितिमा बालबालिकाहरूले राम्ररी शिक्षा आर्जन गर्न सक्दैनन् । विचमै कक्षा छाड्ने, परीक्षामा अनुत्तीर्ण हुने गर्दछन् । अन्य जातिका अभिभावकहरूले कृषिका अतिरिक्त अन्य व्यवसायमा

संलग्न भई आवश्यक साधनहरू सहजै जुटाउन सक्दछन् भने घरयासी काममा बालबालिकाहरूलाई नलगाई पढ्ने वातावरण सृजना गरिदिएका छन् ।

मुसहर जातिको आयस्रोत केवल कृषिमा मात्र सीमित रहनु वैकल्पिक आय आर्जन गर्ने माध्यम नहुनुले पनि यिनीहरू बढी पिछडिएको पाइन्छ । यिनीहरूमा चेतनाको कमी देखिन्छ । कृषि कार्य पनि परम्परागत प्रणालीमा आधारित हुनु, उन्नत विउ, विजन, मलखाद र सिंचाइको अभाव कृषि ऋण प्राप्त हुन नसक्ने कारण कृषि उत्पादन बढ्न सकेको छैन । माथिको तालिका नं. ८ ले पनि पुष्टि गर्दछ । २२०३ जनसङ्ख्या अथवा २५० घरधुरीमध्ये केवल २० प्रतिशतलाई मात्र खान पुग्ने देखिन्छ भने ८० प्रतिशत मानिसहरूको अवस्था दयनीय देखिन्छ । यी विविध कारणले गर्दा यिनीहरूले शिक्षामा लगानी गर्न सकेका छैनन् जसले गर्दा मुसहर महिलाहरू बालबालिकाहरूको शिक्षामा पहुँच कम देखिन्छ । यी बालबालिकाहरू विद्यालयमा भर्ना भए पनि तह वा कक्षा पूरा नगर्दै कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने, अनुत्तीर्ण हुने जस्तो शैक्षिक क्षती बढी देखिन्छ ।

### ४.३ सामाजिक तथा सांस्कृतिक अवस्था

सामाजिक अवस्था भन्नु नै कुनै पनि जनसमुदाय अन्तर्गतका जातजाति, भाषाभाषि, धर्मसंस्कृति, रहनसहन, आदि समाजसँग सम्बन्धित सबै पक्षको संगम हो ।

#### ४.३.१.मुसहर जाती

कुनै पनि समाजको गतिविधिलाई जीवित राख्न र उसको उत्थानको लागि जातीय इतिहासको ज्ञान हुनु अति आवश्यक हुन्छ । त्यस्तै पूराण-इतिहासको नामले आफ्ना प्रारम्भिक अवस्थादेखिको इतिहासलाई सुरक्षित राख्न सफल भएका भारतीय आर्यहरू यस प्रयासमा अगुवा र सफल मानिन्छन् । त्यस्तै अन्य जातीय तथा वंशजको जानकारी हामीले वंशावली, लेख, ठूलाठूला ग्रन्थ, ताम्रपत्र, शिलापत्र आदिबाट पनि पाउन सक्छौं ।

यहाँ अध्ययन गर्न लागेको मुसहर जाति नेपालको लागि नौलो र अपरिचित जाति नभई देशको अधिकांश तराई क्षेत्रमा बसोबास गर्ने सुपरिचित जाति हो । मुसहर जातिको वंशावली तथा यस सम्बन्धी इतिहासको बारेमा विभिन्न विद्वान्, लेखकहरूको अलग अलग राय सोचाइ पाइन्छ ।

## ४.४ मुसहरको संस्कृति

कुनै पनि व्यक्ति वा समाजको संस्कृति उसको जाति वा धर्मद्वारा नै प्रभावित र निर्देशित हुन्छ । यहाँका बासिन्दाहरू अधिकांश हिन्दू धर्मावलम्बी नै भएकोले यहाँ हिन्दू संस्कार र हिन्दू संस्कृतिकै प्रधानता पाइन्छ । परम्परा वंशानुगत दृष्टि तथा मानसिक प्रभावले पनि विभिन्न संस्कार र संस्कृतिलाई आ-आफ्नै ढाँचामा अनुसरण गरेको पाइन्छ ।

### ४.४.१ मुसहर जातिको धार्मिक विवरण

प्रत्येक समुदायमा रहेका मानिसहरूको जातीयताको सँगसँगै उनीहरूले अवलम्बन गर्ने धर्म पनि फरक – फरक रहेको हुन्छ । जसले धार्मिक सहिष्णुताको महशुस गराउँदछ । धर्मको प्रभाव यस गा.वि.स.मा पनि देखियो । धार्मिकताको आधारमा प्रमुख स्थानमा हिन्दू धर्म मान्ने ९६ प्रतिशत, क्रिश्चियन धर्म मान्ने ४ प्रतिशत देखिन्छ । यस तथ्याङ्कलाई सिरहा जिल्लासँग तुलना गरेर हेर्दा जिल्लामा हिन्दू धर्म मान्नेहरू ९४.७० प्रतिशत, बौद्ध धर्म मान्ने १.६० प्रतिशत, इश्लाम धर्म मान्ने ३.३५ प्रतिशत, क्रिश्चियन धर्म मान्ने ०.२५ प्रतिशत र अन्य ०.१० छन् ।

**तालिका नं. ९**

**मुसहर जातिको धार्मिक विवरण**

| क्र.सं. | धर्म | घरधुरी संख्या | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | हिन्दू | २२ | ९० | ९० |
| २ | बौद्ध | ० | - | - |
| ३ | क्रिश्चियन | ०.५ | २ | २ |
| ४ | वैष्णव | ०.५ | २ | २ |
| ५ | अन्य | २ | ६ | ६ |
| | | २५ | १०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

तालिका नं. ९ मा मुसहर जातिको धार्मिक अवस्थालाई देखाइएको छ । अध्ययन क्षेत्रमा बसोबास गर्ने २५ घरपरिवारका मुसहर जातिहरूमध्ये अत्यधिक परिवारका मानिसहरू अर्थात् ९० (९० प्रतिशत) ले हिन्दू धर्म मानेको पाइन्छ । त्यस्तै क्रिश्चियन धर्म मान्ने

परिवार संख्या ०.५ (२ प्रतिशत) पाइन्छ । मुसहर परिवार वरिपरि बस्ने मगर गुरुङ्गले वौद्ध धर्म माने पनि वौद्ध धर्मको कुनै प्रभाव मुसहर जातिमा परेको पाइएन । धेरै हिन्दू र थोरै क्रिश्चियन धर्म मान्ने देखिए तापनि धार्मिक सहिष्णुताको भावना रहेको पाइन्छ ।

शिक्षा प्राप्तिको प्रमुख स्थान समाज हो । समाजमा बस्ने मानिसहरू विभिन्न धर्म मान्दछन् । जसले जुन धर्म मान्दछ उसको त्यहि धर्मसँग सम्बन्धित संस्कृति रहको हुन्छ । धर्म तथा संस्कृतिको ज्ञान प्राप्त गर्ने माध्यम शिक्षा हो । धर्म र संस्कृतिले शिक्षाको महत्वलाई उजागर गर्दछ । सबै धर्मले मानव कल्याणको कुरा गर्दछ । शिक्षाको माध्यमबाट जीवनमा गुणात्मक विकास गर्न धर्म तथा संस्कृतिले सहयोग पुऱ्याउँदछ ।

### ४.४.२ मुसहर जातिको शैक्षिक अवस्थामा धर्म तथा संस्कृतिले पारेको प्रभाव

अध्ययन क्षेत्रमा बसोबास गर्ने मुसहर जातिहरूमध्ये अत्यधिक हिन्दू धर्मावलम्बी रहेको भए तापनि यिनीहरूको धार्मिक एवम् सांस्कृतिक गतिविधि अन्य जातिको भन्दा केहि भिन्न रहेको पाइन्छ । मुसहर जातिले प्रमुख चाडपर्वको रूपमा दशै, तिहार, फागुन अनन्त एकादशी, वड्की आइतवार, माघेसक्रान्ती जस्ता पर्व प्रमुख रूपमा मनाउने गर्दछन् । यी चाडपर्वहरूमा नाचगान गर्ने, माछामासु खाने, रक्सी खाने फागू खेल्ने खिचडी खाने, व्रत बस्ने गर्दछन् । यिनीहरूले धर्मलाई धेरैले जातीय मूल्य, मान्यता तथा परम्परागत कार्यको रूपमा र थोरैले पुण्य प्राप्तिको रूपमा अँगालेको पाइन्छ ।

**तालिका नं. १०**

**मुसहर जातिको शैक्षिक अवस्थामा धर्म तथा संस्कृतिले पारेको प्रभाव**

| क.सं. | प्रभाव पार्ने तत्व | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सकारात्मक | १९ | ७६ |
| २ | नकारात्मक | १ | ४ |
| ३ | सकारात्मक र नकारात्मक दुवै | ३ | १२ |
| ४ | प्रभावबारे अनभिज्ञता | २ | ८ |
| जम्मा | | २५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

तालिका नं. १० मा, खोजकर्ताले शिक्षामा धर्मले कस्तो प्रभाव पारेको छ भन्ने जिज्ञसा राख्दा खोजकर्ताले यस्तो उत्तर पाएको हो । उत्तरदाताको आधारमा ७६ प्रतिशतले उनीहरुको धर्म गुरुहरुले स्कुल शिक्षा लिनु पर्दछ भनी सिकाउने गरेको पाइयो भने जम्मा ४ प्रतिशतले शिक्षा लिनु पर्दैन भनेर सिकाउने गरेको पाइयो । यसरी हेर्दा अशिक्षित भन्दा शिक्षित धर्म गुरुले शिक्षाको महत्व सिकाउने गरेको पाइयो ।धार्मिक तथा सांस्कृतिक अवस्थाका कारण शिक्षामा पर्ने सकारात्मक प्रभावहरूले आध्यात्मिक धारणाको जगेर्ना गर्दछ, नैतिक आचरणबारे ज्ञान दिलाउँछ, परम्परागत धर्म तथा संस्कृतिमा भएका, असल र खराब कुराहरूको पहिचान एवम् छनौटमा सहयोग पु¥याउँदछ । आधुनिक एवम् परिवर्तित संसारमा युगानुकुलको शिक्षा दिने काममापरम्परागत सोंच हटाउन गाह्रो छ ।

जुनसुकै धर्म संस्कृतिमा पनि मुसहर जातिहरूमा सांस्कृतिक, धार्मिक विभेद भेटिएन । धर्म, संस्कृतिले शिक्षा लिनेदिने मामिलामा वहुसंख्यक १९० घरपरिवार (७६ प्रतिशत) ले सकारात्मक प्रभाव पारेको बताए । नकारात्मक प्रभाव १० घरपरिवार (४ प्रतिशत) मा पाइन्छ ।सकारात्मक, नकारात्मक दुवै ३० घरपरिवार (२० प्रतिशत) मा परेको पाइन्छ भने प्रभावबारे अनभिज्ञता २० घरपरिवार (८ प्रतिशत) मा परेको पाइन्छ ।

धर्म, संस्कृति र शिक्षाको बीचमा घनिष्ट सम्बन्ध छ । शिक्षाले धर्म, संस्कृतिको अर्थ पद्धतिलाई व्यवस्थित गर्न मद्दत गर्दछ । संस्कृति भन्ने शब्द संस्कृतबाट आएको हो यसको अर्थ परिष्कृत गर्नु हो । यसको अर्थ मानिसलाई शिष्ट, आचरणयुक्त, सभ्य, नैतिकवान बनाई सुखी बनाउनु हुन्छ । शिक्षा विना यो कार्य सम्भव छैन । मानिसलाई परिष्कृत गराएपछि शिक्षाको एउटा कार्य पूरा हुन्छ । धर्मले मानिसलाई नियमित निरन्तर, नियन्त्रित गरी ठिक बाटोमा हिडाउन सहयोग गर्दछ ।

## ४.५ शैक्षिक अवस्था

शैक्षिक दृष्टिले हेर्दा यहाँका मुसहर जाति अन्य जातिका तुलनामा पछि परेको देखिन्छ । शिक्षाको महत्वबारे ज्ञान नहुनु तथा कृषिको अलावा अन्य पेसा अपनाउन नजान्नु नै यसको प्रमुख कारण मान्न सकिन्छ । यस्तै आर्थिक अवस्था कमजोर हुनु पनि अर्को कारण भएको मानिन्छ । आजभोलि मात्र विद्यालयमा मुसहर जातिको भर्ना संख्यामा केही बृद्धि भएको पाइन्छ ।

### ४.५.१मुसहर जातिको पारिवारिक विवरण

नमूना छनौटमा परेका मुसहर जातिलाई लिङ्गगत आधारमा यसप्रकार स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं. ११**

**मुसहर जातिको पारिवारिक विवरण**

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिला | १,१२३ | ५२.०७ |
| २ | पुरुष | १,०८० | ४७.९३ |
| जम्मा | | २,२०३ | १००.०० |

स्रोतः स्थलगत अध्ययन, २०७१ ।

तालिका नं. ११मा, मुसहर जातिको जनसङ्ख्यामा ४७.९३ प्रतिशत महिला र ५२.७ प्रतिशत पूरुष रहेको पाइन्छ । माथिको तथ्याङ्कअनुसार अध्ययन गरिएका मुसहर जातिको जनसङ्ख्यामा पुरुष र महिलाको संख्यामा थोरै मात्रामा फरक देखिन्छ । तथ्याङ्क अनुसार यस क्षेत्रमा महिला भन्दा पुरुष ४.७ प्रतिशत ले बढी देखिन्छ । शैक्षिक तथ्याङ्कको विश्लेषणात्मक अध्ययनबाट हेर्दा पुरुष तथा महिलाहरू शिक्षा आर्जन गर्नमा पहिलेको तुनलामा बढी लागेको पाइन्छ । तथापी उच्च शिक्षा शासिल गर्नका लागि महिलाहरू भन्दा बढी पुरुषहरू लागेको पाइयो । यो जातिमा दाइजो प्रथा भएकाले धेरै छोराहरूजन्माउन सकेमा बुहारी ल्याउँदा मागे अनुसारको दाइजो पाइने हुन्छ भनि बढी बच्चा जन्माउने गरेको पाइन्छ । यो जातिमा परिवार नियोजन कार्यक्रमले त्यति प्रभाव पार्न नसकेको देखिन्छ । अध्ययनको क्रममा यसको व्यवहारिक रूपमा पुष्टि भएको पाइयो ।

### ४.५.५ मुसहर जातीको पारिवारिक शैक्षिक विवरण

अध्ययन क्षेत्र चन्द्रलालपुर गा.वि.स. मा वसोवास गर्ने मुसहरहरूको शैक्षिक विवरणलाई निम्नानुसार प्रष्ट्याउन सकिन्छ ।

## तालिका नं. १२

## मुसहर जातीको पारिवारिक शैक्षिक विवरण

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | ३४३ | २३.३६ |
| २ | साक्षर | ५४८ | ३३.३८ |
| ३ | कक्षा ८ भन्दा कम | ४९९ | १९.४२ |
| ४ | कक्षा ८ देखि १० सम्म | ४७१ | १८.३३ |
| ५ | एस.एल.सी. | १२८ | १.४३ |
| ६ | एस.एल.सी. भन्दा माथि | २२१ | ०.१६ |
| जम्मा | | २२०३ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

तालिका नं. १२यस गा.वि.स.मा अध्ययन गरिएका २५० घर परिवारको शैक्षिक अवस्थालाई नियाल्दा एस.एल.सी. उत्तीर्ण गर्नेको प्रतिशत १.४३ प्रतिशतमात्र प्राप्त भयो । निरक्षरता २३.३६ प्रतिशत देखियो भने साक्षरता ३३.३८ देखियो । यसले के कुराको संकेत गर्दछ भने, मुशहर जातिको घरपरिवारमा अझै पनि निरक्षरता रहेको तथा पुरानो पिढी शिक्षाप्रति उदासिन रहेको पाइन्छ ।

अध्ययन क्षेत्रमा रहेका यस गा.वि.स. का २२०३ जना व्यक्तिहरूमध्ये कक्षा ८ भन्दा कम शिक्षा आर्जन गर्नेहरूको संख्या अधिक पाइए तापनि दोस्रोमा निरक्षरहरूको संख्या रहेको छ । निरक्षर धेरे देखिनुमा शिक्षाप्रतिको चासो कम भएको मानिन्छ ।

उच्च शिक्षा प्राप्त गर्ने घरमूलीहरू नदेखिनुले छोरीलाई उच्च शिक्षा दिनैपर्छ भने मान्यता राख्नेहरू कम भेटिए । केही सचेत व्यक्तिहरूले छोरा र छोरीलाई समान शिक्षा दिनुपर्दछ भन्ने पाइयो । जस्को परिणामस्वरूप यस गा.वि.स का विद्यलायहरूमा छात्राहरू तल्लो तहमा बढी संख्यामा र माथिल्लो तहमा क्रमशः कम हुँदै गएको पाइयो तर उत्तीर्णदर भने सन्तोषजनक रहेको छ । छात्रहरू सवै तहमा समान भेटिए ।

### ४.५.६ मुसहर जातिको शैक्षिक अवस्था

नमून छनौटमा परेका मुसहर जातिहरुको शैक्षिक अवस्थालाई तहगत रुपमा यसप्रकार स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं. १३**

**मुसहर जातिको शैक्षिक अवस्था**

| क्र.सं. | वार्ड नं. → | ६ | | जम्मा | जम्मा % | जम्मा | जम्मा | कूल जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | तह ↓ | म. | पु. | म. | % | पु. | % | | |
| १ | प्रा.वि. | ७५ | ११० | ७५ | १७.६५ | ४१५ | २०.७५ | ७६८ | ६०.६ |
| २ | नि.मा.वि. | ६५ | ७५ | ६५ | ११.२५ | २७४ | १३.७ | ४९९ | ३९.३३ |
| ३ | मा.वि. | - | - | - | - | - | - | - | - |
| ४ | उच्च मा.वि. | - | - | - | - | - | - | - | - |
| ५ | स्नातक | - | १ | - | - | -- | - | - | ०.०७ |
| ६ | स्नातकोत्तर | - | - | - | - | - | - | - | - |
| | जम्मा | १४० | १८६ | ३२५ | ४२.३ | १८५ | ५७.२ | १२६७ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७१ ।

तालिका नं. १३ मा, अध्ययन गरिएका १२६७ जना मध्ये धेरै जसो शिशु र निरक्षरहरूको संख्यालाई छाडेर सामान्यतया शिक्षा आर्जनको अवस्थामा रहेको संख्या ६०प्रतिशत पाइयो । सामान्यतः साक्षरता शिक्षा (प्राथमिक तहको) आर्जनमा पुरुष २०.७५ प्रतिशत र महिला १७.६५ प्रतिशत पाइन्छ । त्यस्तै मा.वि. तहमा पुरुष र महिला प्रतिशत निल देखिन्छ ।

उच्च मा.वि. मा पुरुषर महिलाको प्रतिशत कम देखिन आउँछ । प्राप्त तथ्याङ अनुसार स्नातक सक्ने १ जना पुरुष भेटिए । त्यो एक जना व्यक्तिपनि आफै सर्घष गर्दै आफ्नो अध्ययन गरेको देखियो । त्यस व्यक्तिसंगको अर्न्तवार्ता अनुसार उनलाई पनि परिवारले पढनु पर्दछ भन्ने उत्प्रेरणाबाट नभईकन आफ्नै कोशिशबाट स्नातक सम्मको अध्ययन गरेको भेटिन्छ । परिवारका मानिसहरुले कुनैपनि आर्थिक योगदान गरेको पाइदैन । उनका अनुसार उनी आफै दैनिक ज्यालादारी गर्दै आफ्नो स्कुल शुल्कहरु तिर्ने र केही उनले पढने स्कुलले पनि छात्रावृति प्रदान गरेर अध्ययन गरेको पाइयो । छोरा र छोरी दुवैलाई शिक्षा दिनुपर्छ, छोरीलाई पनि उच्च शिक्षा दिनुपर्छ भन्ने भावनाको विकास भएको पाइएन । यो तथ्याङ्कले छोरीलाई पढाएर के काम ? छोरी अरुको घर जाने जात हो भन्ने भेदभावपूर्ण कथनहरूको

खण्डन गरेको पाइन्छ । माथिल्लो तहमा पुगेपछि महिलाको संख्या घट्नुको प्रमुख कारण सानो उमेरमा विवाह गरिदिने प्रचलनले चाँडै विद्यालय छाड्ने हो भने अर्को कारण यो समुदायमा महिला वर्गलाई घरयासी काममा बढी लगाउने र बाहिरी काममा प्राथमिकता नदिनु हो ।

### ४.५.७ मुसहर जातिको उमेरगत विवरण

अध्ययन क्षेत्रको गा.वि.स. वडा नं. ६ मा रहेका मुसहरहरुको जनसंख्या विवरणलाई उमेरगत आधारमा वर्गीकरण गरी निम्नानुसार स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं. १४**

**मुसहर जातिको उमेरगत विवरण**

| क्र.सं. | वार्ड नं. ६ | जम्मा महिला | जम्मा पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| | उमेर समूह | | | | |
| १ | ०–५ | २९ | २७ | ५६ | २.३९ |
| २ | ६–१० | १६० | १६२ | ३२२ | १४.१६ |
| ३ | ११–१५ | १७२ | ११२ | २८४ | १२.१२ |
| ४ | १६–२० | १०५ | ११५ | २२० | ९.३८ |
| ५ | २१–२५ | ११० | १०५ | २१५ | ९.१७ |
| ६ | २६–३० | ९५ | ११९ | २१४ | ९.१३ |
| ७ | ३१–३५ | १०५ | ११० | २१५ | ९.१७ |
| ८ | ३६–४० | ११३ | ११४ | २२७ | ९.६८ |
| ९ | ४१–४५ | ८७ | ११३ | २०० | ८.५३ |
| १० | ४६–५० | ८५ | १०६ | १९१ | ८.१५ |
| ११ | ५०+ | ८२ | ११७ | १९९ | ८.४९ |
| जम्मा | | ११२३ | १२२० | २३४३ | १०० |

स्रोत: स्थलगत अध्ययन, २०७१ ।

तालिका नं. १४ मा, अध्ययन गरिएको क्षेत्रको उमेरगत जनसङ्ख्यालाई हेर्दा सबैभन्दा धेरै महिला संख्या ११–१५ वर्ष उमेर समूहका १७२ जना र सबैभन्दा थोरै संख्या ०–५ वर्ष उमेर समूहका २९ जना बालिका देखिन्छन् । सबभन्दा धेरै पुरुष संख्या ६–१० वर्षका १६२ जना र सबैभन्दा थोरै ०–५ वर्ष समूहका २७ जना रहेका छन् । उमेरगत विवरणको आधारमा शैक्षिक अवस्थालाई विश्लेषण गर्दा अध्ययनको क्षेत्रमा १० वर्षसम्मका बालबालिका प्राथमिक विद्यालयमा ८० प्रतिशतले अध्ययन गर्दछन् । उच्च मा.वि. सम्म जम्मा २५ प्रतिशत पुगेको तथ्याङ्क पाइयो । मुसहर बालिकाहरूको मात्र शैक्षिक अवस्थालाई केलाउँदा नि.मा.वि. तहसम्म ९० प्रतिशतको हाराहारीमा विद्यालय गएको पाइन्छ भने उच्च मा.वि. सम्म पुग्दा १५ प्रतिशत सम्म रहेको पाइन्छ । सामान्यतः मुसहर बालबालिकाहरू ढिलो उमेरमा भर्ना हुने, निश्चित उमेर सम्म शिक्षा लिने र उमेर नाघेपछि शिक्षाको निरन्तरता त्यागेर अन्य पेशा व्यवसायतर्फ लाग्ने वा घरमै बस्ने गरेको पाइन्छ । यसरी शिक्षा आर्जनलाई उमेरमा सीमित पार्न खोजेको कुरा अध्ययनबाट प्राप्त गरियो ।

### ४.५.८ मुसहर जातिको शिक्षामा लगानी

शिक्षा विकासको लागि आर्थिक लगानी महत्वपूर्ण पक्ष हो । जवसम्म शिक्षाको महत्व बुझ्न सकिँदैन तवसम्म शिक्षामा आर्थिक लगानी गर्ने तर्फ कसैको  चासो रहँदैन । आर्थिक अवस्था कमजोर हुनेहरूले शिक्षामा  लगानी नै गर्न सक्दैनन् । मुसहर जातिले शिक्षामा गरेको लगानीलाई यसप्रकार तालिकामा प्रष्ट पार्न सकिन्छ ।

**तालिका नं. १५**

**मुसहर जातिको शिक्षामा लगानी**

| क्र.सं. | लगानी (वार्षिक) रु.मा | परिवार संख्या | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| १ | १००० | १० | १० | १० |
| २ | २००० | ३० | ३० | ३० |
| ३ | ३००० | ३० | ३० | ३० |
| ४ | ४००० | १० | १० | १० |
| ५ | ४००० भन्दा माथि | १० | १० | १० |
| ६ | आम्दानी भए पनि लगानी नछुट्टयाएका | १० | १० | १० |
| जम्मा | | १०० | १०० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७१ ।

तालिका नं. १५ मा, अध्ययन क्षेत्रको तथ्याङ्कलाई हेर्दा १० परिवारले शिक्षामा वार्षिक रु ४००० भन्दा बढी लगानी गरेको पाइयो । आम्दानी भए पनि लगानी नुट्टयाउने १० परिवार मात्र पाइयो भने अन्य ८० परिवारले हैसियत अनुसार लगानी गरेको पाइन्छ । यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने शिक्षा प्राप्त गर्नु आजको पहिलो आवश्यकता भएको हुँदा अन्यत्र खर्च गर्ने रकमलाई कटौती गरेर भए पनि शिक्षामा लगानी गरी बालबालिकाहरूलाई पढाउनु  पर्छ भन्ने धारणा ती परिवारहरूबाट पाइयो । यहाँका मुसहर जातिले अन्य जातीको तुलनामा शिक्षामा कम लगानी गरेको देखिन्छ । यसको वास्तविकता खोतल्दा पहिलो कारण शिक्षाको महत्व बुझ्न  र बुझाउन नसक्नु पढेर पनि रोजगारीको ग्यारेन्टी नहुनु हो भने अर्को कारण शिक्षाबाट छिटो प्रतिफल प्राप्त नहुने हुँदा प्रतिफल नहुने कार्यमा लगाउनुको सट्टा  उत्पादन प्राप्त हुने कृषि क्षेत्रमा लगानी गर्नु र वैदेशिक रोजगारमा पठाउन चाहनु मुख्य कारणहरू हुन् भन्ने कुरा अध्ययनबाट प्राप्त भएको छ ।

### ४.५.९ यस गा.वि.स मा सञ्चालित विद्यालयहरू र विद्यार्थी संख्या

यस गा.वि.स मा विद्यालयहरूको संख्या एक मा.वि. एक नि.मा.वि. दुई प्राथमिक र एक पूर्व प्राथमिक गरी ५ वटा विद्यालयहरू सरकारी स्रोतबाट सञ्चालमा रहेका छन् भने एक मा.वि. तहको विद्यालय निजीस्तरबाट सञ्चालमा रहेको पाइयो । यसलाई निम्नानुसार तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

**तलिका नं. १६**

**गा.वि.स मा सञ्चालित सरकारी तथा निजी विद्यालय संख्या**

| क्र.सं. | तह | सरकारी | | निजी | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | पूर्व प्राथमिक | १ | १०० | ० | - | १ | १६.६७ |
| २ | प्राथमिक | २ | १०० | ० | - | २ | ३३.३ |
| ३ | नि.मा.वि. | १ | १०० | ० | - | १ | १६.६७ |
| ४ | मा.वि. | १ | ५० | १ | ५५० | २ | ३३.३४ |

स्रोतः स्थलगत अध्ययन २०७१ ।

तालिका नं. १६ मा, यस गा.वि.स मा १६.६७ प्रतिशत नीजि विद्यालयले योगदान दिइरहेको पाइयो । यस गा.वि.स. मा १६.६७ प्रतिशत नीजि विद्यालयले योगदान दिइरहेको छ भने सरकारी विद्यालयहरूले ८३.३३ प्रतिशत योगदान दिएका छन् ।

### ४.५.१० विद्यालयगत विद्यार्थी संख्याको तुलनात्मक विवरण

यस गा.वि.स.भित्र ६ वटा विद्यालयहरू छन् । त्यसमा एक मा.वि., एक नि.मा.वि., दुई वटा प्रा.वि. र एकवटा पूर्व प्राथमिक विद्यालय छन्, १ निजी विद्यालय छ । जसमा अध्ययनरत सम्पूर्ण विद्यार्थीरु र त्यसमा मुसहर विद्यार्थीको अंश कति छ यसलाई तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका नं. १७**

**विद्यार्थी संख्याको तुलनात्मक विवरण**

| क्र.सं. | विद्यालयको किसिम | संख्या | विद्यार्थी संख्या २०७० | | | मुसहर जातिका विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | सामुदायिक विद्यालय प्रतिशतमा | १<br>१६.६% | १५५ | १५० | ३०५ | २१ | ९ | ३० |
| २ | सरकारी विद्यालय प्रतिशतमा | ४<br>६६.३६% | ८२८ | ७८८ | १६१६ | ३०१ | २५४ | ५५५ |
| ३ | संस्थागत विद्यालय प्रतिशतमा | १<br>१६.६६% | २५५ | १५० | ४०५ | ६३ | ४६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

तालिका नं. १७मा, यस गा.वि.स.भित्रका सरकारी विद्यालयहरूमा अध्ययनरत जम्मा छात्र संख्या ९८३ छात्र संख्या ९३८ रहेकोमा मुसहर जातिका छात्र ४०३ र छात्रा ३८० जम्मा अध्ययनरत छन् । यसैगरी निजी विद्यालयतर्फ २५५ छात्र र १५० छात्राहरू अध्ययनरत छन् । मुसहर समुदायका ६३ जना छात्रहरू अध्ययनरत छन् भने ४६ जना छात्राहरू छन् । यसरी १०९ जना मुसहर छात्रछात्राहरू निजी स्कुलमा अध्ययनरत छन् । तुलनात्मक विश्लेषण गर्दा सरकारीतर्फ ४०.७६ प्रतिशत मुसहर जाति र ५९.२४ प्रतिशत अन्य जातिका विद्यार्थीहरू

तथा संस्थागत तर्फ २६.९१ प्रतिशत मुसहर जाति र ७३.०९ प्रतिशत अन्य जातिका विद्यार्थी रहेको पाइयो ।

माथिको तथ्याङ्कको आधारमा मुसहर जातिमा पनि सरकारी विद्यालयमा छात्रा भन्दा छात्रको संख्या बढी छ । यसो हुनुको पछाडि मुसहर जातिले अझै पनि शिक्षामा छोरीलाई भन्दा छोरालाई नै बढी प्राथमिकता दिएको पाइन्छ । अर्थात् छोरीलाई भन्दा छोरालाई बढी लगानी गरेको पाइन्छ । छोरा र छोरीको यस्तो असमानताका कारण छोरीहरूमा हिनताबोध हुनसक्छ । उनीहरूलाई गरिने कम लगानीका कारण आवश्यक शैक्षिक सामग्रीहरूको अभावमा विद्यालयमा कम जाने गइहाले पनि बिचमै पढाइ छोड्ने उच्च शिक्षामा नपुग्दै विवाह गर्ने जस्ता विकृतिहरू भित्रिन सक्दछन् । त्यसैले मुसहर जातिमा शैक्षिक चेतनाको विकास विद्यालय व्यवस्थापन र शैक्षिक सुलभतामा बृद्धि आदि जस्ता कार्यहरू गर्न सकेमा यसको परिणाम सकारात्मक आउन सक्छ ।

### ४.५.११ तुलनात्मक शिक्षक विवरण

अध्ययन क्षेत्र यस गा.वि.स.मा रहेका विधालयहरुमा अध्यापन गराउने शिक्षकहरुको शैक्षिक योग्यताको विवरणलाई निम्नानुसार तालिकामा प्रष्ट पार्न सकिन्छ ।

**तालिका नं. १८**

**तुलनात्मक शिक्षक विवरण**

| क.सं. | योग्यता | जम्मा शिक्षक | विद्यालयको किसिम | | | संस्थागत | |
|---|---|---|---|---|---|---|---|
| | | | मुसहर शिक्षक | प्रतिशत | जम्मा शिक्षक | मुसहर शिक्षक | प्रतिशत |
| १ | एस.एल.सी. उत्तीर्ण | २३ | १० | ४३.४७ | ४३ | ९ | २३.२५ |
| २ | प्रमाणपत्रतह उत्तीर्ण | २२ | - | - | | - | |
| जम्मा | | ४५ | १० | | ५५ | १० | |

स्रोत : स्थलगत अध्ययन, २०७१ ।

तालिका नं. १८ मा, अध्ययन क्षेत्रमा रहेका २ प्राथमिक र १ मा.वि. विद्यालय सहित गा.वि.स. भित्रका अन्य विद्यालयहरूलाई पनि शैक्षिक आँकलनका लागि आधार मानिएको छ । यहाँ रहेका सरकारी ४ वटा सामुदायिक १ र निजी १ वटा विद्यालयमा अध्यापन गराउने शिक्षकहरूको योग्यताको आधारमा तथा मुसहर जातिका र अन्य जातिका पुरुष तथा महिला शिक्षकहरूको बारेमा तुलनात्मक अध्ययन गरिएको छ । यस क्षेत्रमा रहेको सरकारी तर्फ प्रवेशिका उत्तीर्ण जम्मा २३ जना शिक्षकहरूमध्ये मुसहर शिक्षकहरू १०जना र प्रमाणपत्र तह उत्तीर्ण शिक्षक एक जना पनि नरहेकाछन् । स्नातकोत्तर तहमा कुनै पनि मुसहर शिक्षक संख्या पाइएन ।

यसरी जम्मा ५५ जना शिक्षकहरू कार्यरत छन् । त्यसमध्ये मुसहर शिक्षकहरूमा २० मध्ये ३ जना मुसहर महिला शिक्षिका रहेको पाइयो । त्यसैगरी संस्थागततर्फ ४३ शिक्षकहरूमध्ये ९ जना मुसहर शिक्षक पाइयो । मुसहर महिला शिक्षकहरू पनि प्रा.वि. तहमा कार्यरत भएको पाइयो । यसको अर्थ मुसहर महिलाहरू संख्यामा न्यून मात्र होइन उच्च शिक्षामा त पहुँच नै नपुगेको पाइन्छ ।

उपर्युक्त तथ्याङ्कलाई विश्लेषण गरेर हेर्दा मुसहर जातिका केटाकेटीहरूको सानो उमेरमा विवाह हुने भएकोले विचमै एस.एल.सी. मा नपुग्दै अधिकांशले पढाइ छाड्छन । मुसहर जातिका महिलाहरूलाई गृहस्थीमा केन्द्रित रही खाना बनाउने र वच्चा जन्माउने स्याहार गर्ने कार्यमा व्यस्त हुन्छन् । सानै उमेरदेखि पूर्वजको देखासिकी गरी खानपिन र कृषि कार्यमा बढी संलग्न भई शिक्षामा ध्यान नदिएको र गरिबीका कारणले अन्य जातिको तुलनामा अघि बढ्न नसकेको पाइएको छ । वैवाहिक कारण परम्परागत सामाजिक प्रभाव, महिलाहरूलाई गृहस्थीमा केन्द्रितगर्ने सामाजिक प्रवृत्तिले गर्दा तथा आर्थिक अभावले यसो हुन गएको हो । मुसहर जातिमा चेतनास्तरको कमी पनि यसको प्रमुख कारण मान्न सकिन्छ ।

### ४.५.१२ विद्यार्थीको तहगत तुलनात्मक शैक्षिक नतिजा विवरण २०७०, २०७१

यस गा.वि.स.का मुसहर जातिका विद्यार्थीको विगत दुई वर्ष (२०७० र २०७१) को शैक्षिक नतिजालाई तहगत रुपमा निम्नानुसार तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

## तालिका नं. १९

## विद्यार्थीको तहगत तुलनात्मक शैक्षिक नतिजा विवरण २०७०, २०७१

| क.सं. | तह | २०७० | | | | | | २०७१ | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा वि.सं. | | | मुसहर वि.सं. | | | जम्मा वि.सं. | | | मुसहर वि.सं. | | |
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | प्रा.वि. | ४७६ | ५५२ | १०२८ | २०५ | २८८ | ४९३ | ४७९ | ४४५ | १०२४ | २०६ | १२० | ३२६ |
| २ | नि.मा.वि. | २२८ | २५७ | ४८५ | ९१ | १०५ | १९६ | २३७ | २४१ | ४८८ | ११० | ९८ | २०८ |
| ३ | मा.वि. | ९६ | १३३ | २२९ | ४१ | ३१ | ७२ | २९० | १२७ | ४१७ | १०० | ४७ | १४७ |
| जम्मा | | ८०५ | ९४७ | १७४२ | ३४२ | ४२९ | ७६१ | १००६ | ८१३ | १९२१ | ४१६ | २६५ | ६८१ |

स्रोत : विद्यालय नतिजा, २०७०/०७१ ।

तालिका न. १९ मा विधार्थीको तहगत नतिजा देखाइएको छ । यहा २०७१ र २०७२ को विधार्थीको नतिजालाई प्राथमिक तह, निम्न माध्यमिक तह र माध्यमिक तहमा देखाइएको छ । यहा मुसहर जातिको विधार्थी सख्या र अन्य जातिको विधार्थी सख्यालाई देखाइएको छ ।

## तालिका नं. २०

## परीक्षामा सम्मिलित विद्यार्थी संख्या

| त्ह | परीक्षामा सम्मिलित मुसहर विद्यार्थी संख्या | | | | | | परीक्षामा उत्तीर्ण मुसहर विद्यार्थी संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०७० | | | २०७१ | | | २०७० | | | २०७१ | | |
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| प्रा.वि. | २०२ | २७८ | ४८० | १९५ | १०५ | ३०० | १९० | २४८ | ४३८ | १९० | १०१ | २९१ |
| नि.मा.वि. | ९१ | १०५ | १९६ | १०८ | ९० | १९८ | ९० | ८३ | ७३ | ९० | ८५ | १७५ |
| मा.वि. | ३८ | ३० | ६८ | ९५ | ४० | १३५ | ३१ | २८ | ५९ | ८५ | ३१ | ११६ |

स्रोत : विद्यालयको नतिजा प्रकाशन, २०७०/०७१ ।

तालिका नं. २० मा, शिक्षामा मुसहर जातीका वाहेक अन्य जातका वच्चाहरुको उपस्थिति पनि रहेको पाइन्छ । मुसहर जातका बालबच्चाहरुको तुलना अन्य जातका बालबच्चाहरुको भर्नादर भन्दा निकै धेरै रहेको पाइन्छ । यस्तो भर्नादरलाई निम्नलिखित तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

## तालिका नं. २१

## परीक्षामा उत्तीर्ण अन्य जातकाबालबालिकाहरु

| तह | २०७० | | | २०७१ | | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| प्रा.वि. | २५४ | २५७ | ५११ | ३६७ | ३२० | ६९० |
| नि.मा.वि. | १३० | १३२ | २६२ | १३७ | १४३ | २८० |
| मा.वि. | ५३ | ८५ | १३८ | १८० | ८० | २६० |

स्रोत: विधालय नतिजा प्रकाशन, २०७०/०७१ ।

तालिका नं. २१ मा यस गा.वि.स.भित्र ९ वटा वार्डमा रहेका ६ वटा सरकारी तथा निजी विद्यालयहरूमध्ये अध्ययन क्षेत्रमा रहेका २ प्रा.वि. र १ मा.वि. लाई आधार मानी ती विद्यालयहरूमा अध्ययनरत मुसहर बालबालिका र अन्य बालबालिकाहरूबीचको तुलनात्मक शैक्षिक नतिजा विवरण २०७०/०७१को अध्ययन गरिएको छ । अध्ययन गरिएको क्षेत्रमा रहेका प्रा.वि. तह २०७० को अन्तिम परीक्षामा जम्मा ९९१ जना विद्यार्थीहरूमध्ये मुसहर जातिका छात्रा २७८ र छात्र २०२ गरी जम्मा ४८० जना परीक्षामा सम्मिलित भई छात्रा २४८ र छात्रा १९० गरी जम्मा ४३९ जना उत्तीर्ण भएको पाइयो । २०७० सालमा प्रा.वि. तहमा जम्मा ९९० जना विद्यार्थीमध्ये मुसहर छात्रा १०५ र छात्र १९५ गरी जम्मा ३०० जना परीक्षामा सम्मिलित भई छात्रा १०१ र छात्र १९० गरी २९१ जना परीक्षामा उत्तीर्ण भएको पाइयो । २०७० सालमा नि.मा.वि. तहमा जम्मा ४८५ विद्यार्थीहरूमध्ये परीक्षामा सम्मिलित मुसहर छात्रा १०५ र छात्र ९१ गरी जम्मा १९६ जनामा परीक्षामा उत्तीर्ण छात्रा ८३ जना र छात्र ९० जना गरी जम्मा १७३ जना उत्तीर्ण भएको पाइयो ।

२०७१सालमा नि.मा.वि.मा जम्मा ४८० विद्यार्थीमध्ये परीक्षामा सम्मिलित मुसहर विद्यार्थी छात्रा ९० जना र छात्र १०८ जना गरी जम्मा १९८ विद्यार्थीमध्ये उत्तर्णि विद्यार्थी छात्रा ८५ जना र छात्र ९० जना गरी जम्मा १७५ जना उत्तीर्ण भएको पाइयो ।

२०७० सालमा मा.वि. तहमा जम्मा २२९ विद्यार्थीमध्ये परीक्षामा सम्मिलित थारु छात्र ३८ र छात्रा ३० जना ६८ जना मध्ये ३१ जना छात्र र २८ जना छात्रा गरी जम्मा ५९ जना थारु विद्यार्थी उत्तीर्ण भएको पाइयो ।

२०७१ सालमा मा.वि. तहमा जम्मा ४१७ जना विद्यार्थीहरूमध्ये परीक्षामा सम्मिलित मुसहर विद्यार्थीमध्ये छात्र ९५ जना र छात्रा ४० जना गरी जम्मा १३५ जना विद्यार्थीहरूमध्ये छात्र ८५ जना र छात्रा ३१ जना गरी जम्मा ११६ जना उत्तीर्ण भएको पाइाये ।

माथिको शैक्षिक नतिजा सम्बन्धी विद्यार्थी विवरणको तालिकालाई केलाउँदा प्रा.वि. तहमा मुसहर जातिका विद्यार्थीहरूको संख्या अधिक देखिए तापनि नि.मा.वि. र मा.वि.का कक्षाहरूमा क्रमशः कम हँदै गएको पाइयो भने सबै तहका मुसहर विद्यार्थीहरूको उत्तीर्ण संख्या राम्रो रहेको पाइयो । जसमध्ये २०७० सालमा समग्र प्रा.वि. देखि मा.वि. सम्मका मुसहर छात्राहरू ४१३ मध्ये परीक्षामा ३५९ जना उत्तीर्ण भएको पाइयो । मुसहर छात्रहरू ३३१ जनामध्ये परीक्षामा उत्तीर्ण ३११ जना पाइयो । यसैगरी २०७१सालमा अन्तिम परीक्षामा सम्मिलित मुसहर विद्यार्थी संख्या प्रा.वि. देखि मा.वि. सम्मका छात्रा २३५ जनामध्ये उत्तीर्ण विद्यार्थी संख्या २१७ पाइयो भने यसैगरी अन्तिम परीक्षामा सम्मिलित छात्रहरू ३९८ मध्ये उत्तीर्ण संख्या ३६५ जना भएको पाइयो । यसैगरी २०६४ सालमा ३५९ जना छात्राहरू उत्तीर्ण भएको पाइयो र छात्रहरू ३११ जना उत्तीर्ण भएको पाइयो । यसरी छात्र भन्दा छात्रा ४८ जना बढी उत्तीर्ण भएको देखिन्छ । २०७१ सालमा उत्तीर्ण छात्रा २१७ जना देखिन्छ भने छात्रहरू ३६५ जना उत्तीर्ण भएको देखिन्छ ।

समग्र रूपमा २०७१ को छात्र र छात्राको उत्तीर्ण संख्यालाई तुलना गर्दा छात्रहरूको संख्या १४८ ले बढी देखिन्छ । त्यसैगरी अन्य जातिका विद्यार्थीहरूको उत्तीर्ण संख्या २०७० मा क्रमशः प्रा.वि. तहमा ५११ नि.मा.वि.मा २६२, मा.वि.तहमा १३८ जना रहेका छन् भने २०७१सालमा पनि क्रमशः प्रा.वि. तह ६९०, नि.मा.वि. तहमा २८०, मा.वि. तहमा २६० जना उत्तीर्ण रहेको पाइयो ।

सामान्यतः निरक्षरताको समस्या व्यहोरेको मुसहर जातिले सन्तानलाई मा.वि. सम्मको शिक्षा प्रदान गर्न पनि हिच्किचाइरहेको पाइयो । प्रा.वि. सम्म संख्या अधिक हुनु र क्रमशः नि.मा.वि. र मा.वि.मा संख्या कम हुनु त्यसमा पनि छोरीको संख्या अत्यन्त न्यून हुनु मुसहर समुदायमा रहेको आर्थिक कठिनाइ र सामाजिक र सांस्कृतिक पक्षको नकारात्मक प्रभाव प्रष्ट देखिन्छ । एकातिर आर्थिक रूपमा सबलता नभएको, पेशागत रूपमा कृषि पेशा बढी अपनाएको, रोजागरीको ग्यारेन्टी नभएको, विगतका वर्षहरूमा निरक्षरता उन्मूलनका अभियानहरू व्यवस्थित रूपमा सञ्चालन नभएको र स्थानीय रूपमा उच्च शिक्षाको अवसर

प्राप्त नहुनु आदि कारणहरू हुन् भन्ने कुरा अध्ययन क्षेत्रका मुसहर परिवारबाट पाइयो । तसर्थ यो जातिको शिक्षामा पहुँच बढाउन आर्थिक विकासका लागि सामूहिक उद्योग र घरेलु उद्योगहरू खोल्ने कृषिमा आधुनिकीकरण गरी हातले गर्ने धेरै कामहरू मेशिनले गर्ने, गराउने, अब उप्रान्त बालबालिकाहरूलाई विद्यालयमा छात्रवृत्ति, खाजाको व्यवस्था गरिदिने, नि.मा.वि.लाई मा.वि., प्रा.वि. लाई नि.मा.वि. तहसम्म विस्तार र तह बृद्धि गराउनुपर्दछ । नेपालमा सञ्चालन गरिएका विभिन्न शैक्षिक कार्यक्रमहरू, शिक्षा योजना, आदिको माध्यमबाट शिक्षाको विकासमा मुसहर जातिका महिलाहरूलाई पनि समाहित गर्दै लैजानु आवश्यक छ ।

### ४.५.१३. शैक्षिक अवस्था

अध्ययन क्षेत्रको शैक्षिक अवस्थलाई केलाएर हेर्दा सम्पूर्ण जनसङ्ख्याको ६४.५% जनसङ्ख्या साक्षर भेटियो । अत्यधिक संख्या साक्षर भए पनि उच्च शिक्षा भने थोरैले मात्र प्राप्त गरेको पाइयो । प्राथमिक तहमा मुसहर जातिका बालबालिकाहरू अधिक र उपल्ला कक्षाहरूमा कम रहेका छन् । गुणस्तरीय हिसावमा यस क्षेत्रको शैक्षिक स्तर साह्रै कमजोर देखिँदैन । यो जातिको आफ्नै परम्परा मूल्य मान्यता, पेशा, व्यवसाय, आर्थिक अवस्था दमित भनोभाव आदिको कारणले अपेक्षित सफलता प्राप्त हुन सकेको छैन । धेरै समस्याहरू हुँदा हुँदै पनि उमेर पुगेपछिमात्र विवाह गर्ने सामान्यतः एस.एल.सी सम्म पढाएर छाड्ने, शिक्षा विना जीवन अपूर्ण र निरर्थक हुन्छ भन्ने दृष्टिकोण मुसहर समुदायमा बढ्दै गएको पाइन्छ । यो जातिका बालबालिकाहरूमा विद्यालय प्रवेश गर्ने क्रम बढ्दो तथा प्रवेश पछि विद्यालय नछाड्ने वानी र अनुशासित बन्दै उच्च शिक्षाप्रवेश तर्फ लम्कँदै गएको पाइन्छ ।

### ४.५.१४मुसहर जातिको बर्तमान शैक्षिक अबस्था

प्राचिन समयमा मुसहर जातिको शैक्षिक् अवस्था ज्यादै नै दुखद अवस्थामा रहेको पाइन्छ । प्राचिन समयमा यिनीहरुले बिद्यालय भन्दा पनि बढी खाने कुराको जोहो गर्ने तिर ध्यान गरेको पाइन्छ । नेपालमा प्रजातन्त्रको पुनर्बहाली पछि शिक्षा क्षेत्रमा निकै नै ठुलो फड्को मारेको पाइन्छ । तर पनि यसको प्रभाब मुसहर जातिमा अझै पर्न सकेको छैन । मुसहर जातिको शिक्षाको बर्तमान अवस्थालाई निम्न तालिकाबाट प्रष्ट पार्न सकिन्छ,

**तालिका नं. २२**

**मुसहरको बर्तमान शैक्षिक अवस्था**

| शैक्षिक् बर्ष | महिला | पुरुष | औषत साक्षरता दर |
|---|---|---|---|
| २०६६/६७ | ३.६ | २.५ | ३.०५ |
| २०६७/६८ | ४.८ | ३.० | ३.९ |
| २०६८/६९ | ८.३ | २.८ | ५.५५ |
| २०६९/७० | ७.९ | ३.९ | ५.९ |
| २०७०/७१ | ९.८ | ३.८ | ६.८ |

श्रोत,जिल्ला शिक्षा कार्यालय सिराहा, २०७२

तालिका नं. २२ मा मुसहर जातिको शैक्षिक अवस्थालाई देखाईएको छ। औषत साक्षरता दर हरेक बर्ष जस्तो बढ्दै गएको पाइन्छ । यी पाच बर्षको अवस्थालाई हेर्दा २०६६/६७ मा औषत साक्षरता दर ३.०५ प्रतिशत रहेकोमा त्यो साक्षरता बढेर २०७०/७१ मा आइपुग्दा ६.८ पुगेको पाइन्छ । अर्थात् अहिले बिभिन्न सरकारी तथा गैर–सरकारी संस्थाहरुको प्राथमिकताको कारणले गर्दा पनि यो साक्षरता बढेको पाइन्छ । तर यस्तो बृदीदर योजना गरेको अनुसार भएको पाइदैन । यस्तो खालको उपलब्धिको लागी शैक्षिक कार्यक्रम संगसंगै अन्य आर्थिक कार्यक्रमहरु पनि संचालन गरेको खण्डमा चाहेको उपलब्धीहरु प्राप्त गर्न सकिन्छ ।

# अध्याय पाँच

# सारांश र निष्कर्ष

प्रस्तुत परिच्छेद पाँचमा अध्ययनको सारांश, अध्ययनबाट प्राप्त निष्कर्ष र कमजोर पक्षको सुधारको लागि आवश्यक सुझावहरु प्रस्तुत गरिएको छ ।

## ५.१.अध्ययनको सारांश

मुसहर जातिकोसामाजिक, आर्थिक र शैक्षिक अवस्थाको अध्ययन नामक प्रस्तुत शोधपत्र चन्द्रलालपुर गा.वि.स भित्र वसोवास गर्ने मुसहर जातिका बालबालिकाहरूलाई आधार मानेर तयार पारिएको छ । यस शोधपत्रको प्राप्त सारांशहरु यस प्रकार छन :

यस गा.वि.स. अन्तर्गत मुसहर जातिको घरधुरी संख्या ६०० छ भने जनसङ्ख्या ३०३३ रहेको छ । जुन जम्मा जनसङ्ख्याको ४०.१प्रतिशत हुन आउँछ । शोधपत्रको अध्ययन क्षेत्र यस गा.वि.स भित्रका वार्ड नं. ६ लाई Purposive method अनुसार मुसहर जातिको जनसङ्ख्यालाई मात्र आधार मानिएको छ । जसमा ५५ जना महिला र ४५ जना पूरुष गरी जम्मा १००जनालाई समेटिएको छ ।

मुसहर जातिका छात्राहरूको सवैभन्दा बढी संख्या प्रा.वि. तमा ११.७ प्रतिशत र सबैभन्दा कम मा.वि. तहमा  ९.२ प्रतिशत मात्र रहेको छ ।मुसहर जातिका छात्राहरूको संख्या सवै भन्दा बढी प्रा.वि. तहमा २३.९८ प्रतिशत देखिन्छ । पेशागत आधारमा सवैभन्दा बढी कृषि पेशा अपनाउनेका संख्या  रहेको छ । जसमा २१.१६ प्रतिशत छ । जसमा महिलाको संख्या १८.७७ प्रतिशत रेको छ ।व्यवसाय गर्नेहरूमा पुरुषहरू १ प्रतिशत र महिला ०.३ प्रतिशत सरकारी नोकरी गर्नेहरूमा पुरुषहरू १.४९ प्रतिशत महिला ०.३८ प्रतिशत र वैदेशिक रोजगारमा पुरषहरू ३.२० प्रतिशत रहेका छन् भने महिला ०.४२ प्रतिशत रहेका छन् । मजदुरी गर्ने ११.९ प्रतिशत रहेका छन् । यसै गरी मजदुरी गर्ने महिला ५.५९ प्रतिशत रहेका छन् । गैर सरकारी संस्थाहरूमा काम गर्ने पुरुषहरू २.८१ प्रतिशत रहेका छन । त्यसै गरी महिला १.२८ प्रतिशत रहेका छन् ।

आर्थिक विवरण अनुसार १४ प्रतिशत परिवारको जग्गा नै नभएको ०-१  कठ्ठा हुने ६ प्रतिशत २-३ कठ्ठा हुने ८.४ प्रतिशत र ४-७ कठ्ठा हुने ११.६ प्रतिशत र ८-१० कठ्ठा

हुने १८ प्रतिशत र ११-२० हुने २२ प्रतिशत त्यस्तै २० कठ्ठा भन्दा माथि हुने २० प्रतिशत परिवार देखियो ।२५ परिवारमध्ये २० परिवार ९० प्रतिशतले हिन्दु धर्म र १ घरपरिवार २ प्रतिशतले मात्रै क्रिश्चियन धर्म मानेको पाइयो । जग्गाको आधारमा आम्दानी गरी शिक्षामा लगानी गर्ने २५ परिवार मध्ये सवैभन्दा कम वार्षिक रु १००० सम्म लगानी गर्ने ५ परिवार ६ प्रतिशत देखियो भने शिक्षामा लगानि गर्ने ७ घरपरिवार ले ४००० भन्दा बढी लगानी गरेको देखिन्छ । ३१.२ प्रतिशत शिक्षामा लगानी नै नछुट्टयाउने ७ परिवार २. प्रतिशत देखिन्छन् ।

शैक्षिक अवस्थामा सामाजिक तथा सांस्कृतिक पक्षले नकारात्मक प्रभाव पारेको देखिन्छ । मुसहर समुदायमा वालवालिकाहरुलाई स्कुल जानुपर्छ भन्ने मान्यता रहेको पाइदैन । वालवालिकाहरु स्वईच्छाले मात्र स्कुल जाने गर्दछन । आमावाबुहरु आफ्ना छोराछोरीहरुको शिक्षामा कुनै चासो राखेको पाइदैन । वालविवाह चाडपर्व मान्ने नाममा फलफूल खर्च पाहुना अतिथि सत्कारमा अत्यधिक खर्च गर्दा शिक्षामा लगानी घट्न गई वालबालिकाहरू स्कुलमा भर्ना हुन नसक्नु भए पनि विचमै कक्षा छोडेको बढी देखियो । छोरीलाई चाँडै विवाह गरेर दिँदा प्रा.वि.सम्म  छोरीहरूको संख्या अत्यधिक देखियो भने नि.मावि. र मा.वि. का कक्षा पुग्दा मुसहर समुदायका बालिकाहरूको संख्या अत्यन्त न्यून देखियो ।

विद्यालयमा कार्यरत शिक्षकहरू सरकारी विद्यालयमा १ वटा  भएको  पाइयो भने संस्थागत तर्फ कुनैपनि सहभागी भएको पाइदैन । मुसहर छात्राहरू सरकारी तथा निजि विद्यालयमा प्रा.वि. स्तरमा बढी देखियो भने नि.मा.वि. र मा.वि. का कक्षाहरूमा क्रमशः घट्दो क्रममा पाइयो । मुसहर छात्राहरू संस्थागततर्फ अत्यन्त कम भर्ना भएको पाइयो । भने उत्तीर्ण दर सन्तोषजनक नै रहेको पाइयो । तर यस्तो भर्नादर मुसहर बालबालिकाहरुको तुलनामा अन्य जातका बालबालिकाहरुको भर्नादर र उतीर्णदर धेरै छ । यस्तो सन्तोषजनक अवस्था भन्नाले पहिलेको बर्षको तुलनामा पछिल्ला बर्षहरुमा राम्रो भन्ने अर्थमा हो ।

अध्ययन गरिएका क्षेत्रमा ५/५ जना छात्र छात्राहरू ५/५ जना क्षिकहरू, अभिभावक समाज सेवी तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू, सदस्य हरू प्र.अ. हरूसँग व्यक्तिगत सामाजिक शैक्षिक एवं सांस्कृतिक पक्षसँग सम्बन्धित रहि प्रश्नावली तयार गरिएको छ ।मुसहर बस्तीको औषत साक्षरतादर पछिल्लो ५ बर्षमा लगातार बढेको पाइन्छ ।

## ५.२ निष्कर्षहरु

हाम्रो देश नेपालमा भौगोलिक रूपमा सानो भए पनि जातजातिको रूपमा सानो छैन । नेपाल गाउँ नै गाउँले भरिएको एउटा मुलुक हो । यहाँका ७६ प्रतिशत मानिसहरू गाउँमा बस्ने गर्दछन् । नेपालमा वसोवास गर्ने विभिन्न जातजाति मध्ये तराइको एउटा जनजाति समूहको रूपमा मुसहर जाति रहेको छ । यस जातिको आफ्नै सामाजिक सांस्कृतिक धार्मिक विशेषताहरू छन् । चेतनाको विकास तीब्र रूपमा हुन नसकेको प्रमुख पेशा कृषि, भोजभतेर खानपिनमा रमाउने अन्धविश्वास, कुरिति कुसंस्कारको पंजाबाट मुक्त हुन नसकेको यो जाति शिक्षाको क्षेत्रमा पनि खासै अघि बढ्न सकेको पाइँदैन । स्वावलम्बी भावना भएका दक्षिणी भारत मूलबाट आएका प्रायः जिल्लो कालो वर्णको यो जातिका मानिसहरू इमान्दार परिश्रमि हुन्छन् । मुसहर जातिको शैक्षिक अवस्थाको पृष्ठभूमिलाई आधार मानी शोधकार्यको रूपमा अध्ययन गरिएको सिरहा जिल्लाको चन्द्रलालपुर गा.वि.स का मुसहर जातिको आर्थिक, सामाजिक र सांस्कृतिक पक्षले शिक्षामा पारेको प्रभाव एक अध्ययनको क्रममा देखा परेका पूमुख कुराहरू संक्षिप्त रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

यस गा.वि.स. अन्तर्गत अध्ययन गरिएको क्षेत्रको जनसङ्ख्यालाई हेर्दा मुसहर जातिको जनसङ्ख्या धेरै रहेको पाइयो । परिवारगत जनसङ्ख्याको अध्यनयबाट मुसहर जातिका मानिसहरू थोरै मात्रामा निरक्षर रहेको तर धेरै जसोले उच्च शिक्षा प्राप्त गर्न नसकेको पाइयो । अध्ययन क्षत्रेको जनसङ्ख्या मध्ये ६-१० र ११-१५ वर्ष समूहका महिला र ११-१५ वर्ष समूहका पुरुषहरूको संख्या बढी देखिन्छ । परम्परागत रूपमा सानो उमेरमा वर वधुको उमेर नमिलाई गर्ने गरेको विवाह प्रणालीमा फेरवदल गरी उपयुक्त उमेरमा विवाह गर्ने प्रचलनको शुरुवात भएको पाइयो । सामाजिक विकृतिको रूपमा रहेको लैङ्गिक असमानता र वालविवाहले शिक्षामा नरकात्मक प्रभाव पारेको देखिन्छ । मुसहर जातिमा निरक्षर न्यून हुँदै गएको प्राथमिक शिक्षा प्राप्त गर्ने महिला तथा पूरुषहरूको संख्या अधिक रहेको तर एस.एल.सी. र सो भन्दा माथिको शिक्षा हासिल गर्ने कुरामा न्यूनता पाइयो ।

यस क्षेत्रका मुसहर जातिको प्रमुख पेशा कृषि रहेको र अन्य पेसामा संलग्न न्यून भएता पनि शिक्षा आर्जनको आवश्यकताको बोध हुँदै गएको पाइयो । शिक्षा क्षेत्रमा आयस्रोत अनुसार सन्तानको लागि लगानी छुट्टयाउनु पर्दैन भन्ने धारणा भएका न्यून परिवार रहेको

भेटियो । अध्ययन क्षेत्र तराई प्रदेश भएकोले जग्गाबाट आम्दानी हुने प्रमुख वाली धानलाई मानिएको छ। यसका अलवा उनीहरु दैनिक ज्यालादारीमा पनि बढि सङलग्न भएको पाईन्छ। कृषिमा उत्पादन प्रतिफल ह्रास नियम लागू हुने र भूमिको क्षेत्रफल पनि कम हुँदै गएकोले अर्थोपार्जनमा समस्या देखियो । विविध जातिहरू वसोवास गरेको क्षेत्र भए तापनि अध्ययन क्षेत्रका मुसहर जातिले मुख्यतः हिन्दू धर्म मानेको पाइयो । जुनसुकै धर्म मानेता पनि धार्मिक सहिष्णुता र धर्म तथा संस्कृतिले शिक्षामा सकारात्मक प्रभाव पारेको पाइन्छ । नीजि विद्यालयमा भन्दा सरकारी विद्यालयमा मुसहर छात्राको संख्या बढी पाइयो ।समग्रमा अध्ययन क्षेत्रअन्तर्गत मुसहर जातिको शिक्षक संख्या न्यून पाइयो । जसमध्ये निजी विद्यालयमा भन्दा सरकारी विद्यालयमा धेरै पाइयो र मुसहर महिला शिक्षिकाहरू अत्यन्त न्यून पाइयो ।

प्राथमिक तहमा मुसहर वालिकाहरुको संख्या धेरै पाइयो र नि.मा.वि. र मा.वि. तहमा क्रमशः घट्दै गएको पाइयो । छिटो विवाह प्रथा र लैङ्गिक असमानताको कारण माथिल्लो तहमा छात्रा संख्या ज्यादै घटेको पाइयो तर अन्य जातिका वालवालिकाहरू सवै तहमा भर्नादर बढी मात्रामा र माथिल्लो तहमा पनि उत्तीर्ण हुनेको संख्या एकनासको पाइयो । सिरहा जिल्ला चन्द्रलालपुर गा.वि.स. का मुसहर जातिको शिक्षामा पहुच बारेमा प्रभाव एक अध्ययन विषयमा तयार गरिएको शोधपत्रबाट निम्नानुसार निष्कर्ष प्रस्तुत गरिएको छ। यस गा.वि.स.को कुल जनसङ्ख्या मध्ये मुसहर जातिको जनसङ्ख्या उल्लेख्य छ । बहुसंख्यक मानिसहरूको आर्थिक अवस्था कम्जोर स्तरको छ ।सामाजिक रूपमा एकता र धार्मिक सहिष्णुता पाइन्छ। प्राथमिक शिक्षामा मुसहर जातिको राम्रो बाहुल्यता देखियो र माथिल्ला कक्षाहरूमा क्रमशः घटेको पाइयो। मुसहर जातिका बालिकाहरूको माथिल्लो कक्षामा पहुँच कम हुनुका कारण परम्परागत मूल्य मान्यता रुढीवादी संस्कृति, जनचेतनाको कमी लैङ्गीक भेदभाव वालविवाह, गरिवी, प्रोत्साहनको कमी आदि मुख्य हुन् ।

समयक्रमसँगै राष्ट्रिय अन्तराष्ट्रिय शिक्षाको व्यापक प्रचार प्रसार सुलभतामा बृद्धि अन्य जातिका बालिबालिकाहरूको शिक्षामा सहभागिता सिक्दै मुसहर जातिका बालिकाहरूमा शिक्षाको क्षेत्रमा पहुँच बढ्दै गएको पाइन्छ। महिला शिक्षासँग सम्बन्धित सबै समस्याहरूको समाधान गर्न समुदाय विद्यालय गा.वि.स. र राज्य प्रयत्नशिल रहेको पाइन्छ।

# सन्दर्भ ग्रन्थ सुचीहरु

राष्ट्रिय शिक्षा आयोग (२०१४),***वार्षिक प्रतिवेदन,*** शिक्षा मन्त्रालय, काठमाण्डौ, नेपाल ।

राष्ट्रिय शिक्षा आयोग (२०१०)***वार्षिक प्रतिवेदन,*** शिक्षा मन्त्रालय ।

बुदिजीवि परिषद् (२०६८),***स्मारिका,*** ने.बु.प. कार्यसमिति सिरहा, नेपाल ।

दवाडी, गिरिराज (२०५१) ***मुसहर जातिहरूको सामाजिक, आर्थिक पक्षको अध्ययन,*** अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, समाजशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर ।

दुलाल, विश्वभक्त (२०६८), ***हिन्दु समाजमा मुसहर मुक्तिको प्रश्न,*** शोधग्रन्थ, त्रिभुवन विश्वविद्यालय, काठमाण्डौ, नेपाल ।

अधिकारी, सपना (२०७०) ***शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधारहरु,*** शुभकामना प्रकाशन प्रा.लि. ताहाचल ।

अर्याल, भोजेन्द्र (२०६८) ***लैङ्गिक र महिलावादी अध्ययन,*** ज्ञानकुञ्ज प्रकाशन कीर्तिपुर ।

अर्याल, शिवहरी (२०६८) ***समाजशास्त्र र मानवशास्त्रको परिचय,*** रत्न पुस्तक भण्डार, काठमाडौँ ।

Cooks, W. (1870).***The tribes and caste of the North-Western India,*** Vol. 4(1), New Delhi: S. Chand and Sons Publication, India.

मोरे, थोमस (२०१०) ***Irish Byron society***, www.google.com/moree बाट साभार गरिएको ।

मार्क्स र एन्जेल्स (१९८०) ***social and political thoughts,*** www.google.com/marxandengels बाट साभार गरिएको ।

Durkhim, Emile (1964). ***The Division of labour in society***.London: Il free press.

George Payne (1928). ***Theories of sociology***. 2(1), London: Oxford Publication.

वाग्ले, मनप्रसाद (२०५०), ***शिक्षाका आधारहरू,*** गणेश हिमाल एजुकेशन, भोटाहिटी, काठमाडौँ ।

पोखेल, कृष्ण (२०५६), ***विश्वका प्रमुख राजनीतिक विचारक र वाद कार्लमार्क्स,*** एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिव्यूटर्स, भोटाहिटी, काठमाडौँ ।

पाण्डे, मधुसुदन (२०६३), ***नेपालका दलितहरु,*** पैरवी प्रकाशन, काठमाण्डौं, नेपाल ।

घिमिरे, दीपक नाथ (२०६४), ***छात्रवृत्तिको प्रभावकारीता एक अध्ययन,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, लुम्बिनी आदर्श डिग्री कलेज, कावासोती, नवलपरासी ।

मिश्र, चैतन्य (२०६७),***दलित समस्या, राजनीति र अर्थतन्त्र,*** पैरवी प्रकाशन, काठमाण्डौं, नेपाल ।

मिल (१९५९) ***liberty,*** www.google.com/mill बाट साभार गरिएको ।

जिल्ला शिक्षा कार्यालय (२०७१),***बार्षिक शैक्षिक क्यालेन्डर २०७१,*** सर्लाही, जि.शि.का. सर्लाही ।

विष्ट, डोरबहादुर (२०३५), ***सबै जातको फूलबारी,*** साझा प्रकाशन, काठमाडौँ ।

विष्ट, डोरबहादुर (२०५५), ***सबै जातको फुलबारी,*** सातौं संस्करण, साझा प्रकाशन, काठमाण्डौं, नेपाल ।

विष्ट, डोरबहादुर (२०६४),***सबै जातको फूलबारी,*** साझा प्रकाशन, काठमाडौँ ।

विष्ट, डोरबहादुर (२०६८), ***People of Nepal,*** साझा प्रकाशन, काठमाडौँ ।

विश्वकर्मा, मिठाराम (२०६८), ***दलित र हाम्रो समाज,*** ढिकुर पब्लिकेशन, काठमाण्डौ, नेपाल ।

किसान, यमबहादुर (२०५८), ***नेपालका दलित जातिय आन्दोलन,*** जनउत्थान प्रतिस्ठान, काठमाण्डौ, नेपाल ।

किसान, यमबहादुर (२०६७), ***दलित र सकारात्मक उपाय,*** एक्सन एड नेपाल, काठमाण्डौं, नेपाल ।

किसान, यमबहादुर (२०६२), ***नेपाली दलितको सामाजिक आन्दोलन,*** सांग्रिला पब्लिकेशन, काठमाण्डौ, नेपाल ।

गिदोन, एन्थोनी (२००७) ***sociologija***, www.google.com/gidden बाट साभार गरिएको ।

शिक्षा मन्त्रालय (२०५३), ***उच्च स्तरीय शिक्षाको प्रतिवेदन – २०५३,*** काठमाडौं, शिक्षा मन्त्रालय ।

Nesfield, J.C. (1855). ***Description of the manners industries religion of the Tharus and Boxa trabiz of offer India***.New Delhi: Asian Publication, India.

एनएचडीआर (१९९८) ***Human Development Report 1998,*** www.google.om/NHDR बाट साभार गरिएको ।

चौलागाई, तिलक (२०६०), ***लैङ्गिक अध्ययन,*** न्यू हिरा इन्टरप्राइजेज, काठमाण्डौं, नेपाल ।

के.त.वि (२०६८), ***राष्टिय जनगणना २०६८,*** केन्द्रिय तथ्याङ विभाग, अर्थ मन्त्रालय, नेपाल ।

कुवँर, पुष्पलता (२०६८) ***शैक्षिक प्रकाशन,*** विद्यार्थी प्रकाशन प्रा.लि. कमलपोखरी ।

गौतम डम्बर .(१९६७) : **नेपालमा मुसहर जातिको सामाजिक परम्पराको एक अध्ययन** अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, समाजशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर ।

गौतम, डम्बर (१९६७),***नेपालमा मुसहर जातिको सामाजिक परम्पराको एक अध्ययन,*** अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, समाजशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर ।

थापा, गोविन्द (२०३४),***विपन्न बर्गको उत्थानका पुर्व शर्तहरु,*** साझा प्रकाशन, काठमाण्डौ, नेपाल ।

शर्मा र शर्मा, चिरञ्जीवी र निर्मला (२०७०) ***शिक्षाका आधारहरु,*** एम.के.पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स, भोटाहिटी ।

शर्मा, जनकलाल (२०३९), ***हाम्रो समाज : एक अध्ययन,*** साझा प्रकाशन, काठमाडौं ।

शर्मा, जनकलाल (२०४४), ***हाम्रो समाज एक अध्ययन,*** ललितपुर : साझा प्रकाशन, पृष्ठ ३५७ ।

## अनुसूची- १

### अन्तरवार्ता अनुसूची

# “मुसहर (सदाय) जातिको सामाजिक आर्थिक र शिक्षामा पहुँच”

घरमुलीको नाम, थर

ठेगाना

| क,स, | नम | उमेर | लिङ्ग | विद्यालय जाने वा नजाने | कति कक्षामा पढने | विद्यालयको दुरी | विद्यालय जानुको कारण |
|---|---|---|---|---|---|---|---|
| 1 | | | | | | | |
| 2 | | | | | | | |
| 3 | | | | | | | |
| 4 | | | | | | | |
| 5 | | | | | | | |
| 6 | | | | | | | |
| 7 | | | | | | | |
| 8 | | | | | | | |
| 9 | | | | | | | |
| 10 | | | | | | | |
| 11 | | | | | | | |
| 12 | | | | | | | |
| 13 | | | | | | | |
| 14 | | | | | | | |
| 15 | | | | | | | |
| 16 | | | | | | | |
| 17 | | | | | | | |

| 18 | | | | | | | |
|---|---|---|---|---|---|---|---|

**(घरमुलीसँग सोध्ने)**

१, मूसहर जातीमा कून बच्चाहरु बढी स्कूल जान्छन

क) छोरा ख) छोरी ग) दूबै

२, छोरी तपाईको बिचारमा क जस्तो लाग्छ

क) बिबाह गरेर जाने जात ख) छोरीले पनि केही गर्न सक्छे

ग) छोरी पनि छोरा जस्तै हो

३, छोरीहरु ले के गनू पर्छ

क) घरको मात्र काम गर्नुपर्छ ख) स्कूल पनि जानु पर्छ ग) थाहा छैन

४, छोरालाई स्कूल पढन पठाउनू हून्छ

क) पठाउछौ ख) पठाउदैनौ ग) हाम्रो बच्चाहरु स्कूल पढाउन हूदैन

५तपाईको कति छोरा छोरी छन

क)

६,तपाइको घरमा को धेरै स्कूल जान्छन

क) छोरा ख) छोरी ग) दूबै

७, छोरालाई किन स्कूल पठाउनू हून्छ

क) पछि पाल्ने भएकोले ख) अरुले पठाएको कारणले

ग) थाहा भएन

८, यो जातीमा कस्ले बढी पढेका छन

क) छोराले ख) छोरीले ग) दूबैले

९, तपाईले कसलाई बढी माया गनूहून्छ

क) छोरीलाई ख) छोरालाई ग) दूबैलाई

१०, तपाइका बच्चालाइ स्कूलका शिक्षकले कतिको वास्ता गर्छन

क) गर्छन ख) गर्दैनन

११, शिक्षकहरु तपाइको घरमा आउछन

क) आृउछन ख) आउदैनन ग) आउन मन गर्दैनन

१२, तपाइको घरमा एस, एल, सी पास कति छन

क)

१३, एस, एल, सी पास हूनेहरु कस्को सख्या बढि छ

क)

१४, एस, एल, सी पास हूनेमा को बढी छन

क) छोरा　　　ख) छोरी　　　ग) कोही पनि छैनन

१५, कक्षा आठ पास गर्नेमा को धेरै छन

क) छोरा　　　ख) छोरी　　　ग) बराबर जस्तै छन

१६, तपाईलाई बच्चाहरु पढाउन मन लाग्छ कि लाग्दैन

क) लाग्छ　　　ख) लाग्दैन　　　ग) केही थाहा भएन

१७, यो जातीको मूख्य पेशा के हो

क)

१८, छोरा किन चाहिन्छ ?

क) बूढेसकालका सहारा　　　ख) सामाजिक मान्यता　　　ग) केही होइन

१९,तपाई पछिल्लो समय कहिले स्कूल जानू भयो ?

क) छ महिना पहिला　　　ख) भर्खरै　　　ग) गएकै छैन

२०, तपाईको छोराछोरी कतिसम्म पढेको चाहानुहुन्छ

क) साधारण　　　ख) धेरै　　　ग) थाहा छैन

२१,तपाईलाई अहिले पढेको भए हुन्थो जस्तो लाग्दैन

क) लाग्छ　　　ख) लाग्दैन

२२, बच्चाहरुलाई पढाएर केही गर्लान जस्तो लाग्छ

क) लाग्छ　　　ख) हाम्रो बच्चाले केही गर्दैनन

२३, बच्चालाई किन स्कुल पठाउनु पर्छ

क)

**(स्कूलका बालबालिकासँग सोध्ने)**

२४, तिम्रो आमा के गनू हुन्छ

क) घरको काम ख) व्यापार ग) नोकरी घ) मजदुरी

२५, बूबाले के गर्नू हून्छ

क) कृषि ख) व्यापार ग) नोकरी घ) मजदूरी

२६, तिमीलाई स्कूल पढन मन लाग्छ

क) लाग्छ ख) लाग्दैन

२७, तिम्रो बाआमा ले स्कूल पढन पठाउछन

क) पठाउछन ख) पठाउदैनन

२८, तिमी कून स्कूल पढछौ

क) सरकारी ख) निजी

२९, स्कूलमा दिने पैसा लिन को आउछन

क) बुबा ख) आमा ग) कोही पनि आउदैनन

३०, तिमीलाई स्कुलमा कस्ले धेरै माया गर्छन

क) शिक्षकले ख) शिक्षिकाले ग) कसैले पनि वास्ता गर्दैनन

३१, तिमीलाई स्कूलमा अरु बच्चाले मुसहरका बच्चा भनेर जिस्काउछन

क) जिस्काउछन ख) जिस्काउदैनन

३२,तिमीलाई भविष्यमा के बन्न मन लाग्छ

# अनुसुची २

## जातीगत आधारमा जनसंख्याको वितरण

| क.स. | जत | कुल जनसख्या | प्रतिशत |
|---|---|---|---|
| १ | क्षेत्री | ४३९८०५३ | १६.६ |
| २ | बाहुन (पहाडी) | ३२२६९०३ | १२.१८ |
| ३ | मगर | १८८७७३३ | ७.१२ |
| ४ | थारु | १७३७४७० | ६.५६ |
| ५ | तामाङ | १५३९८३० | ५.८१ |
| ६ | नेवार | १३२१९३३ | ४.९९ |
| ७ | मुसलमान | ११६४२५५ | ४.३९ |
| ८ | कामी | १२५८५५४ | ४.७५ |
| ९ | इादव | १०५४४५८ | ३.९८ |
| १० | राई | ६२०००४ | २.३४ |
| ११ | गुरुङ | ५२२६४१ | १.९७ |
| १२ | दमाई (ढोली) | ४७२८६२ | १.७८ |
| १३ | लिम्बु | ३८७३०० | १.४६ |
| १४ | ठकुरी | ४२५६२३ | १.६१ |
| १५ | सार्की | ३७४८१६ | १.४१ |
| १६ | तेली | ३६९६८८ | १.४० |
| १७ | चमार /हरिजन /राम | ३३५८९३ | १.२७ |
| १८ | कुसवाह | ३०६३९३ | १.१६ |
| १९ | कुर्मी | २३११२९ | ०.८७ |
| २० | सन्यासी -दशनामी | २२७८२२ | ०.८६ |
| २१ | धानुक | २१९८०८ | ०.८३ |
| २२ | मुसहर | २३४४९० | ०.८९ |

| | | | |
|---|---|---|---|
| २३ | दुसाध | २०८९१० | ०.७९ |
| २४ | शेर्पा | ११२९४६ | ०.४३ |
| २५ | सोनार | ६४३३५० | ०.२४ |
| २६ | केवट | १५३७७२ | ०.५८ |
| २७ | ब्राहमण -तराई | १३४१०६ | ०.५१ |
| २८ | कथबानीया | १३८६३७ | ०.५२ |
| २९ | धर्ती | ११८६५० | ०.४५ |
| ३० | मल्ल | १७३२६१ | ०.६५ |
| ३१ | कलवार | १२८२३२ | ०.४८ |
| ३२ | कुमाल | १२११९६ | ०.४६ |
| ३३ | ठाकुर | ११७७५८ | ०.४४ |
| ३४ | कनु | १२५१८४ | ०.४७ |
| ३५ | राजवंशी | ११५२४२ | ०.४३ |
| ३६ | सुनुवार | ५५७१२ | ०.२१ |
| ३७ | सुधी | ९३११५ | ०.३५ |
| ३८ | लोहार | १०१४२१ | ०.३८ |
| ३९ | टतमा | १०४८६५ | ०.४० |
| ४० | काटवे | १००९२१ | ०.३८ |
| ४१ | धोबी | १०९०७९ | ०.४१ |
| ४२ | माझी | ८३७२७ | ०.३२ |
| ४३ | नुनीया | ७०५४० | ०.२७ |
| ४४ | कुमहार | ६२३९९ | ०.२४ |
| ४५ | दनुवार | ८४११५ | ०.३२ |
| ४६ | चेपाङ | ६८३९९ | ०.२६ |
| ४७ | हल्वाई | ८३८६९ | ०.३२ |
| ४८ | राजपुत | ४१९७२ | ०.१६ |
| ४९ | कायस्थ | ४४३०४ | ०.१७ |

| | | | |
|---|---|---|---|
| ५० | बादी | २८९३२ | ०.११ |
| ५१ | मारवाडी | ५१४४३ | ०.१९ |
| ५२ | सतार | ५१७३५ | ०.२० |
| ५३ | झागड | ३७४२४ | ०.१४ |
| ५४ | सरदार | ५५१०४ | ०.२१ |
| ५५ | बराई | ८०५९७ | ०.३० |
| ५६ | कहार | ५३१५९ | ०.२० |
| ५७ | गंगाई | ३६९८८ | ०.१४ |
| ५८ | लोद | ३२८३७ | ०.१२ |
| ५९ | राजभार | ९५४२ | ०.०४ |
| ६० | थामी | २८६७१ | ०.११ |
| ६१ | धिमाल | २६२९८ | ०.१० |
| ६२ | भोटे | १३३९७ | ०.०५ |
| ६३ | िबन | ७५१९५ | ०.२८ |
| ६४ | गडेरी | २६३७५ | ०.१० |
| ६५ | नुराङ | २७८ | ०.०० |
| ६६ | याख्खा | २४३३६ | ०.०९ |
| ६७ | दराई | १६७८९ | ०.०६ |
| ६८ | ताजपुरीया | १९२१३ | ०.०७ |
| ६९ | थकाली | १३२१५ | ०.०५ |
| ७० | चिडीमार | १२५४ | ०.०० |
| ७१ | माली | १४९९५ | ०.०६ |
| ७२ | पहरी | १३६१५ | ०.०५ |
| ७३ | बगांली | २६५८२ | ०.१० |
| ७४ | छन्त्याल | ११८१० | ०.०४ |
| ७५ | डुम | १३२६८ | ०.०५ |
| ७६ | कमार | १७८७ | ०.०१ |

| | | | |
|---|---|---|---|
| ७७ | बोटे | १०३९७ | ०.०४ |
| ७८ | बरामो | ८१४० | ०.०३ |
| ७९ | गाईने | ६७९१ | ०.०३ |
| ८० | जिरेल | ५७७४ | ०.०२ |
| ८१ | दुरा | ५३९४ | ०.०२ |
| ८२ | बडी | ३८६०३ | ०.१५ |
| ८३ | मेचे | ४८६७ | ०.०२ |
| ८४ | लेप्चा | ४८६७ | ०.०२ |
| ८५ | हल्कार | ४००३ | ०.०२ |
| ८६ | पन्जाबी | ७१७६ | ०.०३ |
| ८७ | किसान | १७३९ | ०.०३ |
| ८८ | राजी | ४२३५ | ०.०२ |
| ८९ | व्यासी | ३८९५ | ०.०१ |
| ९० | ह्यायु | २९२५ | ०.०१ |
| ९१ | कोचे | १६३५ | ०.०१ |
| ९२ | दुनीया | १४८४६ | ०.०६ |
| ९३ | वालुङ | १२४९ | ०.०० |
| ९४ | मुन्डा | २३५० | ०.०१ |
| ९५ | राउटे | ६१८ | ०.०० |
| ९६ | ह्याल्मो | १०७५२ | ०.०४ |
| ९७ | कुसबडीया | ३१८२ | ०.०१ |
| ९८ | कुसुण्डा | २७३ | ०.०० |
| ९९ | लोमी | १६१४ | ०.०१ |
| १०० | कलार | १०७७ | ०.०० |
| १०१ | नटुवा | ३०६२ | ०.०१ |
| १०२ | ढण्डी | १९८२ | ०.०१ |
| १०३ | ढण्कार | २६८१ | ०.०१ |

| | | | |
|---|---|---|---|
| १०४ | कुलुङ | २८६१३ | ०.११ |
| १०५ | घले | २२८८१ | ०.०९ |
| १०६ | खवास | १८५१३ | ०.०७ |
| १०७ | राजधोब | १३४२२ | ०.०५ |
| १०८ | कोरी | १२२७६ | ०.०५ |
| १०९ | नाछिरिङ | ७१५४ | ०.०३ |
| ११० | याम्फु | ६९३३ | ०.०३ |

स्रोत, के.त.वि. २०६८

# अनुसूची- ३

## जातीगत जनसंख्या

| जात | देश | | | शहर | | | ग्रामिण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | पु | म. | जम्मा | पू | म | जम्मा | पू | म |
| यादब | १०५४४५८ | ५४४३७० | ५१००८८ | ८४७९५ | ४७७६२ | ३७०३३ | ९६९६६३ | ३९४९६६०८ | ४७३०५५ |
| कुशवाहा | ३०६३९३ | १५७८४६ | १४८५४७ | २१७३४ | १२४०४ | ९३३० | २८४६५९ | १४५४४२ | १३९२१७ |
| ठाकुर | ४२५६२३ | २०४०४३ | २२१५८० | ६८५०५ | ३४७२४ | ३३७८१ | ३५७११८ | १६९३१९ | १८७७९९ |
| तेली | ३६९६८८ | १९१६३३ | १७८०५५ | ५४६१० | ३०८१० | २३८०० | ३१५०७८ | १६०८२३ | १५४२५५ |
| मुसहर | २३४४९० | ११८०८० | ११६४१० | ११०६५ | ५६४५ | ५४२० | २२३४२५ | ११२४३५ | ११०९९० |
| मलाहा | १७३२६१ | ८८०५८ | ८५२०३ | १८७०२ | ९९७९ | ८७२३ | १५४५५९ | ७८०७९ | ७६४८० |
| मुसलमान | ११६४२५५ | ५८४७५४ | ५७९५०१ | १७५७४० | ९५७०८ | ८००३२ | ९८८५१५ | ४८९०४६ | ४९९४६९ |

स्रोत: के.त.वि. २०६८ ।

## अनुसूची- ४

### जिल्लागत जनसंख्या

| जात | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| इादब | १५५३९१ | ७७०४७ | ७८३४४ |
| कुशवाहा | ३८३२५ | १८९६१ | १९३६४ |
| ठाकुर | ७४८ | ३४९ | ३९९ |
| तेली | ३०५६२ | १५००३ | १५५५९ |
| मुसहर | ३९९२९ | १९८८४ | २००४५ |
| म्लाहा | १६०४६ | ७५१६ | ८५३० |
| मुसलमान | ४७७१५ | २२२३६ | २५४७९ |

स्रोत: के.त.वि. २०६८ ।